annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १०९, पृष्ठ ८ | काठमाडौं, सोमबार १ भदौ २०८३ | श्रावण शुक्लपक्ष पञ्चमी नेपाल संवत् ११४६ | MONDAY, AUGUST 17, 2026 | मूल्य : रु. १०

सरकार अलमलमा, विपक्षी आन्तरिक दलदलमा

एक थान सिलिन्डर ग्यासका लागि जनता दैनिकजसो लाइनमा छन् । महँगीले चरम सीमा नाघेको छ । पासपोर्ट लिन युवाको लाइन उस्तै छ । मलखादबिनै किसानले धान रोपाइँ गरेका छन् । तर, झन्डै दुईतिहाइको बलियो रास्वपा नेतृत्वको सरकार जनताका आधारभूत समस्याप्रति बेखबर जस्तै छ । यस्तो बेला सरकारलाई घच्घच्याउनुपर्ने विपक्षी दल आन्तरिक दलदलमा फसेका छन् । न सरकार जनताप्रति जिम्मेवार छ, न त सरकारलाई उत्तरदायी बनाउन प्रतिपक्षी दल नै भूमिका निर्वाह गरेका छन् ।

सुरेन्द्र काफ्ले/राधा खनाल | *काठमाडौं*

विस्तृत पृष्ठ २

इरानद्वारा अमेरिकी सैनिक मार्नेलाई इनामको घोषणा

तेहरान (एजेन्सी): इरानी सेनाले अमेरिकी सैनिकलाई मार्ने वा समात्ने व्यक्तिलाई ३० हजार डलरबराबरको इनाम दिने घोषणा गरेको छ । यदि यो कार्य कुनै महिलाले गरेमा इनाम रकम दोब्बर हुने इरानी सेनाले आइतबार बताएको छ ।

इरानी समाचार संस्था 'इर्ना'ले इरानी सेना प्रमुख अमिर हातमीलाई उद्धृत गर्दै लेखेको छ, 'आर्थिक सहयोगमा सहभागी हुन चाहने ठूलो संख्याको अनुरोध' आएपछि यो योजना तयार पारिएको हो ।

मध्यपूर्व युद्धका क्रममा इरानमा अमेरिकी स्थल सेना तैनाथ भएको कुनै जानकारी छैन । अपवादका रूपमा अप्रिलमा दुर्घटनामा परेका एक अमेरिकी पाइलटको उद्धार गर्न छोटो मिसन चलाइएको थियो ।

हातमीले अमेरिकी सैनिक कहाँ र कहिले मार्ने वा पक्रने भन्नेबारे विस्तृत विवरण भने दिएका छैनन् । उनले भने, 'आक्रमणकारी अमेरिकी सैन्य व्यक्तिलाई मार्ने वा पक्रेर बुझाउने जोकोहीले इस्लामी गणतन्त्र इरानको सेनाबाट ३० हजार डलर वा ५ अर्ब तोमानबराबरको इनाम पाउनेछन् ।' (तोमान १० हजार इरानी रियल बराबरको अनौपचारिक एकाइ हो) । उनले थपे, 'यस्तो काम गर्ने साहसी इरानी महिलाले दोब्बर इनाम पाउनेछन् ।'

तेहरान र वासिङ्टनबीचको युद्ध फेब्रुअरी २८ मा सुरु भएको थियो । त्यतिबेला अमेरिका र इजरायलले मिलेर इरानमाथि आक्रमण गरेका थिए । करिब ४० दिनको लडाइँपछि अप्रिलमा युद्धविराम भएको थियो । त्यसपछि जुनमा शान्ति वार्ताको रूपरेखा बने पनि पछि त्यो असफल भएको थियो । त्यसयता इरान र अमेरिकाले बेलाबेलामा एकअर्कैमाथि आक्रमण गर्दै आएका छन् । लडाइँ मुख्यतया दक्षिणी इरान र हर्मुज जलमार्ग वरपर केन्द्रित छ ।

एन्टाल्या कोप-३१ मा नेपालको सबाल :
हिमालदेखि जलवायु वित्तसम्म

सागर घले | *काठमाडौं*

जलवायु परिवर्तनका कारण हिमालदेखि तराईसम्म बढ्दो जोखिम सामना गरिरहेको नेपालले आगामी संयुक्त राष्ट्रसंघीय जलवायु सम्मेलन (कोप-३१) मा पर्वतीय मुद्दा, जलवायु वित्त र अनुकूलनलाई प्रमुखताका साथ उठाउने तयारी गरेको छ । तर, हरेक वर्ष उस्तै प्रकृतिका मुद्दा उठाउँदै आएको नेपालले यसपटक भने अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई ठोस उपलब्धिमा बदल्ने चुनौती सामना गर्नुपर्नेछ ।

आगामी कात्तिक २४ देखि मंसिर ५ (नोभेम्बर ९-२०) सम्म टर्कीको एन्टाल्यामा कोप-३१ आयोजना हुँदैछ । सम्मेलनको तयारीसँगै नेपालले आफ्नो प्राथमिकता र एजेन्डाबारे छलफल अघि बढाएको छ ।

जलवायु परिवर्तनमा नेपालको योगदान न्यून भए पनि त्यसको असर भने उच्च रहेको भन्दै नेपालले अन्तर्राष्ट्रिय मञ्चमा 'जलवायु न्याय'को सबाललाई जोडदार रूपमा उठाउँदै आएको छ । हिमनदी पग्लिने, हिमताल विस्फोटको जोखिम बढ्ने, बाढी-पहिरो, अतिवृष्टि, खडेरी र कृषि उत्पादनमा कमी आउनेजस्ता समस्या नेपालका लागि जलवायु परिवर्तनका प्रत्यक्ष असर बनेका छन् ।

यसपालि पनि हिमाल प्राथमिकतामा

संसदीय समितिमा कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले नेपाललाई 'सगरमाथाको देश' भनेर चिनाउने मात्र नभई हिमाल संरक्षणको जिम्मेवारीसमेत नेपालकै भएको बताएकी छन् । उनले आगामी कोपमा हिमालको मुद्दालाई प्राथमिकताका साथ उठाइने बताएकी छन् । उनका अनुसार कार्बन उत्सर्जनमा नेपालको योगदान न्यून भए पनि जलवायु परिवर्तनको जोखिम भने अत्यधिक छ । नेपालले छिमेकी मुलुकलगायत अन्य देशसँग सहकार्य गर्दै जलवायु वित्तमा पहुँच बढाउन ठोस योजना बनाएर अघि बढ्नुपर्ने आवश्यकता छ ।

नेपालले विगतदेखि नै पर्वतीय मुलुकका साझा समस्या अन्तर्राष्ट्रिय मञ्चमा उठाउँदै आएको छ । तर, सम्मेलनमा मुद्दा उठाउने मात्र नभई त्यसबाट नेपालले प्रत्यक्ष लाभ लिन सक्ने गरी वार्ता र कूटनीतिक पहल गर्नुपर्ने आवश्यकता विज्ञहरूले औंल्याएका छन् ।

जलवायु वित्त : नेपालको मुख्य चासो

जलवायु परिवर्तनका कारण भएको क्षति न्यूनीकरण, अनुकूलन तथा जलवायुजन्य विपद्बाट प्रभावित समुदायको पुनर्स्थापनाका लागि ठूलो वित्तीय स्रोत आवश्यक पर्छ । तर, नेपालले अहिलेसम्म प्राप्त गरेको जलवायु वित्त आवश्यकताको तुलनामा पर्याप्त नभएको विज्ञहरूको भनाइ छ ।

» बाँकी पृष्ठ ६

अन्तर्राष्ट्रिय उडानमा क्याबिन क्रुको सांकेतिक विरोध

किरण अधिकारी | *काठमाडौं*

अवकाशको असमान उमेरहदको सांकेतिक विरोधस्वरूप राष्ट्रिय ध्वजावाहक नेपाल वायु सेवा निगममा कार्यरत क्याबिन क्रुहरूले आइतबारदेखि सांकेतिक विरोध थालेका छन् ।

'४५ को उमेर हद पनि धेरै भयो'

महेश्वरभक्त श्रेष्ठ
कार्यकारी अध्यक्ष,
नेपाल वायुसेवा निगम

उनीहरूले विभिन्न अन्तर्राष्ट्रिय उडानहरूमा जहाजभित्रै हातमा कालोपट्टी देखाई सांकेतिक विरोध गरेका हुन् । निगम व्यवस्थापनले अदालतको फैसलाविपरीत गई क्याबिन क्रु (एयरहोस्टेस)हरूलाई ४५ वर्षमा उमेरमा अवकाश दिन थालेको हो । श्रम अदालतले कर्मचारी विनियमावलीको दफा ६३ (ख) मा ५० वर्षसम्म क्याबिन क्रुले सेवा गर्न सक्ने प्रावधान भएको औंल्याउँदै एक वर्षअघि वरिष्ठ विमान परिचारिकाद्वय प्रजिता कार्की र सिर्जना केसीलाई काममा फर्काएको थियो । उक्त दफामा भनिएको छ, विमान परिचारक र परिचारिकाको उमेर ५० वर्ष पूरा भएपछि स्वत: अवकाश दिइनेछ ।

» बाँकी पृष्ठ ६

कुहिरोबाटै पिउने पानी

शिवप्रसाद ढुंगाना | *ओखलढुंगा*

आकाशमा मडारिने कुहिरो पिउने पानीको स्रोत बन्छभन्दा पत्यार नलाग्न सक्ला । तर, ओखलढुंगाको खिजीदेम्बा-५ स्थित मेले गुम्बा टोलका लागि भने कुहिरो पिउने पानीको मुख्य स्रोत बनेको छ । २०७२ सालको महाभूकम्पपछि पानीका मुहान सुकेर काकाकुल बनेको यो बस्तीमा हाल कुहिरोबाटै स्वच्छ पिउने पानी संकलन गरी वितरण गर्न थालिएको छ ।

समुद्र सतहदेखि करिब २ हजार ३ सय ३० मिटर उचाइमा रहेको यो दुर्गम क्षेत्रमा भूउपग्रह (स्याटेलाइट) अध्ययनमार्फत निरन्तर कुहिरो लागिरहने स्थान पहिचान गरी आधुनिक प्रविधि भित्र्याइएको हो । खिजीदेम्बा गाउँपालिकाको समन्वय र जर्मन संस्था (जीआईजेड आईकेआई ग्रान्ट) को १ करोड रुपैयाँभन्दा बढीको आर्थिक सहयोगमा स्मल अर्थ नेपाललले यो प्रयोगात्मक अनुसन्धान योजना सफलतापूर्वक सम्पन्न गरेको हो ।

झन्डै दुई वर्षको निरन्तर अनुसन्धानपछि सम्पन्न यो योजनामा १० वटा फग हार्भेस्टिङ युनिट जडान गरिएका छन् । मौसमी प्रतिकूलताबाट चाँडै नबिग्रिने विशेष युभिट्रिटेड जालीहरू चीनबाट आयात गरी नेपालकै ग्याल्भानाइज्ड तार र पोलमार्फत जडान

> खिजीदेम्बा गाउँपालिकाका अध्यक्ष गम्बु शेर्पाले यो प्रविधिले स्थानीयलाई पिउने पानीको प्रबन्धका साथै ससाना सिँचाइमा समेत ठूलो राहत पुऱ्याएको बताए ।

गरिएको छ । आकाशमा बहने कुहिरोका कणहरू यी जालीमा अडिएर थोपाका रूपमा फेरिन्छन् र २-२ सय लिटरका ट्यांकीहरूमा जम्मा हुन्छन् । यसरी संकलित पानीलाई पिउनयोग्य बनाउन बालुवा र गिट्टीको तह प्रयोग गरी बनाइएको बायो स्यान्ड फिल्टर (प्राकृतिक जैविक विधि) मार्फत शुद्धीकरण गरिएको छ । अनि, २ हजार लिटर क्षमताको मुख्य ट्यांकीमा संकलन गरेर धाराहरूमा पठाइएको छ ।

प्लास्टिक र सिमेन्टको प्रयोग नगरी कपास तथा सालको पात प्रयोग गरेर खेर जाने पानी संकलनका लागि तीनवटा प्राकृतिक पुन:भरण पोखरीसमेत निर्माण गरिएका छन् । पानीकै चरम अभावका कारण स्थानीय साम्तेन छ्योलिङ गुम्बामा धार्मिक पूजापाठ र गतिविधिहरू पूर्णरूपमा ठप्प बनेका थिए । जल उपभोक्ता समितिका अध्यक्ष दावा छिरिङ शेर्पाका अनुसार कुहिरोबाट पानी संकलन हुन थालेपछि गुम्बामा पुन: नियमित रूपमा पूजापाठ सुरु भइसकेको छ ।

यस प्रविधिबाट गुम्बाका साथै गेल्जे लामा स्मृति बौद्ध अध्ययन केन्द्र र आसपासका ९ घरधुरीलाई स्वच्छ पिउने पानी उपलब्ध गराइएको छ । खिजीदेम्बा गाउँपालिकाका अध्यक्ष गम्बु शेर्पाले यो प्रविधिले स्थानीयलाई पिउने पानीको प्रबन्धका साथै ससाना सिँचाइमा समेत ठूलो राहत पुऱ्याएको बताए ।

अनुसन्धान टोलीकी सदस्य डाक्टर निरिना खड्गीले विशेष गरी हिउँदको सुक्खा यामलाई लक्षित गरी योजना सञ्चालन गरिएको जानकारी दिइन् । हाल मनसुनका कारण पानी ओभरफ्लो भइरहेको र यसको पूर्ण प्रभावकारिता हेर्न आगामी हिउँदयाम कुर्नुपर्ने भए पनि वर्षा र कुहिरो दुवैबाट पानी संकलन हुने हुँदा यो प्रविधि निकै उपयोगी साबित भएको छ । झन्डै ३० वर्षअघि इलामलगायत पूर्वी नेपालका केही क्षेत्रमा प्रयोग गरिएको यो प्रविधिलाई आधुनिक रूपमा ब्युँताएर ओखलढुंगामा गरिएको यो सफल प्रयोगले नेपालका अन्य सुक्खा र दुर्गम पहाडी भेगका लागि पनि नयाँ आशाको किरण देखाएको छ ।

जो आए पनि 'कानै चिरेका'

सुरेन्द्र काफ्ले | *काठमाडौं*

रास्वपाका वरिष्ठ नेता बालेन (वालेन्द्र) शाह नेतृत्वको सरकार गठन भएको साढे ४ महिना पुगेको छ। तर, जनताले आधारभूत सेवा सुविधाकै लागि सास्ती बेहोर्नु परिरहेको छ। अरू त अरू, एक थान एलपी ग्यासको सिलिन्डर हात पार्न 'ठूलै युद्ध' लड्नुपर्ने अवस्था छ।

जबकि, रास्वपाले सरकार गठन लगत्तै जनताले 'अनलाइन' मार्फत आधारभूत सेवा, सुविधा पाउने उद्घोष गरेको थियो। तर, उसको यो प्रतिबद्धता केवल चुनावी नारा जस्तैमात्र देखिएको छ। यो बेला सत्तापक्षलाई घच्चच्याउनुपर्ने विपक्षी दल आन्तरिक लफडाबाट माथि उठ्न सकेका छैनन्। कांग्रेसमा आधिकारिकताको लडाइँ छ, एमालेमा पुनर्संरचनाको लफडा चलेको छ। तर, जनता भने सत्तापक्ष र प्रतिपक्षका व्यवहारले दिक्क मान्दै छन्।

ग्यास अभाव

मुलुकमा एलपी ग्यासको चरम अभाव छ। घण्टौं लाइन बस्दा पनि जनताले चुल्हो तातो पार्न सकेका छैनन्। उपभोक्ता अधिकारकर्मी माधव तिम्सिना बजारमा खाना पकाउने ग्यासको अभाव देखिनुमा नेपाल आयल निगमको कमजोर व्यवस्थापनलाई कारण मान्छन्। सरकारको निर्देशन टाल्न नसक्दा निगमले उपभोक्तालाई मारमा पारेको उनको भनाइ छ।

'निगमले आफ्नो वितरण प्रणालीमार्फत उपभोक्ताको घरनजिकै सहज रूपमा ग्यास उपलब्ध गराउनुपर्ने भए पनि पटक-पटक वितरणस्थल परिवर्तन गर्ने र व्यवस्थापनमा स्पष्ट योजना बनाउन नसक्दा सर्वसाधारण घण्टौं लाइनमा बस्नुपर्ने अवस्था आएको हो,' उनले भने, 'निगमले आफ्नो व्यवसाय र वितरण प्रणाली आफ्नै ढंगले व्यवस्थापन गर्न सक्नुपर्छ। तर, मन्त्रालयले जे भन्यो त्यहीअनुसार चल्दा समस्या आएको हो।'

हाल देखिएको अभाव पूर्ति गर्न सरकारले कूटनीतिक पहलमार्फत ग्यासको आयात बढाउनुपर्ने उनको सुझाव छ। हाल भइरहेको आपूर्तिमा देखिएको 'ग्याप' पूर्ति गर्न तत्काल कोटा बढाएर थप ग्यास ल्याउनुपर्ने उनले बताए ।

'वितरक र विक्रेतालाई पनि जिम्मेवार बनाएर निगमको नियमित वितरण प्रणालीमार्फत ग्यास बिक्री गर्नुपर्छ,' उनले भने, 'कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने वा ग्यास लुकाउने प्रवृत्तिमाथि प्रभावकारी अनुगमन र कारबाही हुनुपर्छ।'

उपभोक्ताले पनि घरमा पर्याप्त ग्यास हुँदाहुँदै लाइनमा बसेर सञ्चय नगर्ने र अत्यावश्यक परेका उपभोक्तालाई प्राथमिकता दिनुपर्ने उनको भनाइ छ। उनले भने, 'सरकार, निगम, व्यवसायी र उपभोक्ता सबै जिम्मेवार भए ग्यास आपूर्ति सहज बनाउन सकिन्छ। तर, अहिले सरकार आफ्नो कमजोरी लुकाएर उपभोक्तालाई दोष दिने काममा लागेको देखिन्छ।'

अचाक्ली महँगी

महँगीले डाँडा काट्दै छ। उपभोग्य वस्तुको मूल्य छोइ नसक्नु छ। चामलको मूल्य प्रतिबोरा २ सयदेखि ५ सय रुपैयाँसम्म बढेको छ। खाने तेल, दाल, तरकारी, फलफूल सबैको भाउ बढेको छ। बर्ड फ्लुको नाममा कुखुराको मासु, अण्डाको मुख्य पनि अस्वाभाविक बढेको बढ्ने। खसीको मासुको भाउ पनि त्यस्तै छ।

उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्षसमेत रहेको तिमिल्सिनाले चिनी, चामल, तेल, दाल, तरकारी तथा फलफूललगायत दैनिक उपभोगका वस्तुको मूल्य बढेको बताए। उनले उपभोग्य वस्तुको मूल्यवृद्धिको कारण कारण खोजी गरी नियन्त्रण गर्न सरकार असफल भएको बताए ।

अत्यावश्यक उपभोग्य वस्तुको मूल्य अस्वाभाविक रूपमा बढिरहँदा सरकारले बजार अनुगमन र मूल्य नियन्त्रणलाई प्रभावकारी बनाउन बताए।

उनले भने, 'चिनीको मूल्य उद्योग तहबाटै बढाइएको छ, चामलको बोरामा सयौं रुपैयाँसम्म मूल्यवृद्धि भएको छ। खाने तेलको मूल्य पनि बढेको छ।' उनले बजारमा कृत्रिम मूल्यवृद्धि र कार्टेलिङको सम्भावनालाई सरकारले गम्भीर रूपमा लिनुपर्ने बताए।

उनले भने, 'अहिले मूल्य बढ्नुपर्ने कुनै ठूलो अन्तर्राष्ट्रिय वा प्राकृतिक कारण देखिँदैन। यस्तो अवस्थामा बजारमा अस्वाभाविक मूल्यवृद्धि किन भइरहेको छ भन्ने सरकारले खोज्नुपर्छ।'

बजारमै देखियो सुशासनको परीक्षा

सरकारी सुशासनको वास्तविक परीक्षा सरकारी कार्यालयदेखि बजारसम्म नै देखिएको छ। ग्यासका लागि घण्टौं लाइन बस्नु पर्ने बाध्यता छ। अस्पतालमा लाइन त्यस्तै छ। रातविरात आएर बिरामीहरू लाइन बस्नु पर्ने बाध्यता छ। सरकारी अस्पतालमा उपचार नपाएर महँगो निजी अस्पताल क्लिनिकमा उपचार गराउने पर्ने अवस्था छ।

राहदानी घरघरै पुऱ्याउने घोषणा गरेको सरकारले राहदानी विभागबाटै सहज रूपमा राहदानी दिन सकेको छैन। मलको अभाव त्यस्तै छ। मल लिन पनि घण्टौं लाइन बस्नु पर्ने अवस्था छ।

अत्यावश्यक वस्तुको मूल्य निरन्तर बढिरहेका छ। नेपालीको जीवन नै कष्टकर भइरहेका छन् । सुकुम्बासीलाई बेहाल बनाएर छोडिएको छ। लघुवित्त पीडित, सहकारी पीडितका समस्या पनि जस्ताका तस्तै छन्। लघुवित्त पीडितहरू राष्ट्रिय मानव अधिकार आयोगको अगाडि बसेर धर्ना दिइरहेका छन्। उता मधेसमा साम्प्रदायिक दंगा केही मत्थर भए पनि अवस्था जटिल छ। उद्योगी व्यवसायीदेखि कर्मचारीसम्म नै सरकारको व्यवहारले रोजगारी अवसर गुमिरहेका छन्। असन्तुष्टि, निराशा पुनः बढ्न थालेका छन्। माइतीघरमा दिनहुँ प्रदर्शन भइरहेका छन्।

देउवाकै नेतृत्वमा महाधिवेशन

राधा खनाल | *काठमाडौं*

कांग्रेसको संस्थापनइतर समूहले शेरबहादुर देउवालाई पार्टी 'सभापति' को मान्यता दिँदै उनकै नेतृत्वमा १५औं महाधिवेशन गर्ने निर्णय गरेको छ। विशेष महाधिवेशनमा भाग नलिएको देउवा समूहले १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिकै निर्णय र आयोजनामा १५औं महाधिवेशन गर्ने निर्णय गरेको हो। यद्यपि, विशेष महाधिवेशनबाट निर्वाचित गगन थापा नेतृत्वको संस्थापन पक्षले १६ देखि १९ असोजमा १५औं महाधिवेशन आह्वान गरिसकेको छ।

उपचार गरेर स्वदेश फर्केका देउवाको नेतृत्वमा भएको राष्ट्रिय सम्मेलनले देउवालाई पुनः केन्द्रमा राखेर पार्टीको आगामी राजनीतिक प्रक्रिया अघि बढाउने निर्णय गरेको हो। सम्मेलनद्वारा पारित प्रस्तावमा भनिएको छ- 'शेरबहादुर देउवाको सभापतित्वमा १५औं महाधिवेशन सम्पन्न हुनेछ।' देउवाकै नेतृत्वमै पार्टी एकताबद्ध भएर महाधिवेशन सम्भव हुने विश्वास व्यक्त गरिएको छ। यसले कांग्रेसमा पछिल्लो समय देखिएको दुईवटा समानान्तर राजनीतिक धारलाई तत्कालका लागि एउटै प्रक्रियामा ल्याउने प्रयास गरेको देखिन्छ। विशेषगरी पार्टीको वैधानिकता, विशेष महाधिवेशन र नेतृत्वको विषयमा विवाद बढिरहेका बेला इतर समूहले देउवालाई नै आगामी महाधिवेशनसम्मको केन्द्रमा राख्नु अर्थपूर्ण देखिन्छ।

शशांकलाई संयोजनको जिम्मेवारी

सम्मेलनले १५औं महाधिवेशनसम्म पार्टीका नियमित गतिविधि देउवाको निर्देशनमा राष्ट्रिय सम्मेलनका संयोजक डा. शशांक कोइरालाले संयोजन गर्ने निर्णय गरेको छ। यही निर्णयले कांग्रेसभित्रको शक्ति समीकरणमा अर्को महत्त्वपूर्ण संकेत गरेको छ। देउवालाई औपचारिक राजनीतिक केन्द्रमा राखिए पनि संगठनात्मक गतिविधिको संयोजनको जिम्मेवारी शशांकलाई दिइएको छ। यसले देउवा र कोइराला परिवारबीचको सहकार्यबाट पार्टीलाई अघि बढाउने सम्भावनाको संकेत गरेको छ। तर, कांग्रेसभित्र यो वास्तविक एकताको आधार हो वा आगामी महाधिवेशनअघि शक्ति पुनर्संरचनाको रणनीति ? भन्ने प्रश्न उठेको छ। सम्मेलनको अध्यक्षता शशांकले गरेका थिए। उनलाई १५औं महाधिवेशनसम्मको गतिविधि संयोजन गर्ने जिम्मेवारी दिइनुले उनको राजनीतिक भूमिका बलियो बनाइएको इतर पक्षका नेताहरू बताउँछन्।

खड्का र शेखर अनुपस्थिति

सम्मेलनको उद्घाटनमा सहभागी भएका नेता पूर्णबहादुर खड्का र डा.शेखर कोइराला सम्मेलनको समापनमा अनुपस्थित देखिए। खड्का अस्वस्थ भएकाले नआएको नेता रामहरि खतिवडाले बताए। शेखरले उद्घाटन सत्रमा मात्र सहभागी हुने भनेर पहिल्य नै जानकारी गराएको नेताहरू बताउँछन्। तर, राजनीतिक रूपमा भने यो अनुपस्थितिले अर्थ दिने नेताहरू बताउँछन्। शशांकलाई सम्मेलनको संयोजन र आगामी महाधिवेशनसम्मको गतिविधि सञ्चालनको जिम्मेवारी दिइने भएपछि शेखर र खड्काले असन्तुष्टि जनाएको उनीहरू निकट नेता बताउँछन्। भेलाको संयोजन गर्ने जिम्मेवारी सुरुमा खड्कालाई लिन आग्रह गरिएको थियो। खड्काले बिरामीको बहाना बनाउँदै पन्छिए। त्यसपछि शेखरलाई प्रस्ताव राखियो उनले सहमति जनाएनन्। अनि मात्रै शशांकलाई जिम्मेवारी दिइएको हो। खड्का देउवाकै नेतृत्वमा कांग्रेसलाई एकताबद्ध बनाउनुपर्ने पक्षमा भए तापनि उनी पार्टी विभाजनको पक्षमा नरहेको र अदालतमा विचाराधीन विवादको फैसला पर्खनुपर्ने पक्षमा रहेको नेताहरू बताउँछन्। यसबाट कांग्रेसभित्रको मूल विवाद अब केवल 'देउवा कि अर्को नेतृत्व ?' भन्ने प्रश्नमा मात्र सीमित नभई 'पार्टीलाई कुन प्रक्रियाबाट एकताबद्ध गर्ने ? ' भन्ने प्रश्नमा समेत केन्द्रित भएको देखिन्छ।

विशेष महाधिवेशनमाथि प्रश्न, नियमित महाधिवेशनमा जोड

देउवाले जबरजस्ती तरिकाले विशेष महाधिवेशन गरेर अन्यायपूर्ण तरिकाले पार्टीका धेरै नेताहरूलाई बाहिर राखिएको आरोप लगाएका छन्। देउवाले पार्टी आधिकारिता विवादमा अदालतबाट आउने निर्णय मान्ने बताए। सम्मेलन समापन गर्दै देउवाले भने, 'मैले विशेष महाधिवेशन गर्न मानेको थिइनँ। मैले भनेको थिएँ (पार्टीका सबैको सहमतिले विशेष महाधिवेशन गरौं यसरी नगरौं भनेर। जबरजस्ती तरिकाले विशेष महाधिवेशन गरेर अन्यायपूर्ण तरिकाले धेरै साथीलाई बाहिर राखियो। त्यसको खिलापमा हामीहरू अदालत गयौं।' अदालतबाट पूर्ण निर्णय आउन बाँकी रहेको उल्लेख गर्दै देउवाले भने, 'मलाई विश्वास छ अदालतको पूर्ण निर्णय आउन बाँकी छ। त्यसअघि मैले धेरै अदालतको विषयमा धेरै बोल्नु छैन। तर, मलाई विश्वास छ मैले न्याय पाउँछु।' न्यायालयले आफूलाई पटक-पटक न्याय दिएको उल्लेख गर्दै देउवाले भने, 'सर्वोच्च अदालतदेखि सबै न्यायालयले हिजोदेखि हामीलाई न्याय दिएको हो राजाले थुन्दा पनि शाही आयोगलाई खारेज गरेको हो, पञ्चायतले पनि मलाई थुनेको थियो। अहिले पनि न्यायालयले मलाई बचाएको छ, जसको कारणले म नेपालमा आइपुगेको छु।'

सम्मेलनले गत पुसमा भएको विशेष महाधिवेशनलाई अवैधानिक ठहर गर्दै त्यससम्बन्धी विधानको व्यवस्था थप स्पष्ट पार्ने र आवश्यक कार्यविधि बनाउने प्रस्तावसमेत पारित गरेको छ।

सनातन धर्म 'राष्ट्रको पहिचान'

देउवा पक्षको सम्मेलनले सनातन धर्मलाई राष्ट्रको पहिचानका रूपमा अघि बढाउने निर्णय गरेको छ। हिन्दू, बौद्ध, किराँत र प्राकृत धर्मको संरक्षण, धार्मिक सहिष्णुता र धार्मिक स्वतन्त्रताको सुनिश्चिततामा जोड दिएको छ। भाषणका क्रममा देउवाले आफू हिन्दु भएको तीनपटक प्रतिबद्धता जनाए पनि 'हिन्दु राष्ट्र' का विषयमा भने खुलेर समर्थन गरेनन्। 'म हिन्दु हुँ। म कसैको विरोधी होइन,' देउवाले भने, 'नेपालमा मुस्लिम धर्म मान्ने छन्, किराँतहरू छन्। म कसैको खिलाफमा छैन। मैले आफू हिन्दु हो भन्न पाउनु पऱ्यो नि ! हिन्दुमा विश्वास गर्न पाउनुऱ्यो नि मैले। यसमा कुनै कन्फ्युजन नहोस्।'

सम्मेलनले वर्तमान संविधानमा जनअपेक्षाअनुसार आवश्यक संशोधन गर्न संविधानमै रहेको व्यवस्थाअनुसार सम्बन्धित पक्षसँग संवाद गर्ने निर्णय गरेको छ। यस्तै, सम्मेलनले पार्टीको संगठनात्मक संरचना सुधारका विषयलाई पनि प्राथमिकतामा राखेको छ।

एमालेमा रूपान्तरणको लफडा

अध्यक्ष केपी शर्मा ओलीले पार्टी नेतृत्व नछोड्ने स्पष्ट धारणा सार्वजनिक गरेपछि एमालेमा नेतृत्व रूपान्तरणको बहस फेरि चर्केको छ। गृह जिल्ला झापा पुगेका ओलीले 'आफूलाई पद छोड्न माग गर्ने' नेतामाथि उल्टै कारबाही गर्ने चेतावनी दिएका छन्। एमालेमा उपाध्यक्ष विष्णुप्रसाद पौडेल, महासचिव शंकर पोखरेल, उपमहासचिव योगेश भट्टराईलगायतका नेताहरू 'ओलीले नेतृत्व छोडेर पार्टी नेतृत्व रूपान्तरण गर्नुपर्ने' माग गर्दै आएका छन्। उनीहरूकै मागअनुसार सचिवालय बैठकले उपाध्यक्ष रामबहादुर थापाको संयोजकत्वमा समिति गठन गरेको थियो। तर, उक्त समितिको प्रतिवेदन थन्क्याएर ओलीले नेतृत्व नछोड्ने अडान दोहोऱ्याएका छन्।

चुनावपछि पहिलो पटक गृहजिल्ला पुगेका ओलीले पार्टी पुनर्गठनको मुद्दा उठाउने नेताहरूलाई 'आवारा' को संज्ञा दिएपछि विवाद थप चुलिएको छ। सामाजिक सञ्जालमा एमाले नेताहरूबीच आरोप प्रत्यारोप चलेको छ। ओलीले पुनर्गठनको मुद्दा उठाउनेहरूप्रति ग्यंग्य गर्दै भनेका छन्, 'पार्टी अफिसको क्यान्टिनमा बसेर केही आवाराहरू, अध्यक्ष हटाउने कुरा ख्याल हो, ठट्टा हो जस्तो गर्ने। अध्यक्षलाई हटाउने, पार्टी सदस्य छ कि छैन, उरन्ठेउलाहरू भेला भएका छन्, अध्यक्ष हटाउने !'

उनले थप भनेका छन्, 'अध्यक्ष हटाउने, कहिले हटाउने हो, हटाइदेऊ न,' ओलीले थपे, 'कोही हस्ताक्षर गर्दै हिँड्या छन्, अध्यक्ष हटाउने। यसका पछाडि केही दम छैन, केही छैन।' प्रतिपक्षी र विरोधीहरूको तीव्र प्रहारको सामनाका लागि एकजुट हुनुपर्ने बेलामा केही नेताहरू आफैंलाई हटाउने काममा लागेको भन्दै ओलीले असन्तुष्टि जनाएका छन्।

उनले भनेका छन्, 'जतिबेला विरोधीले तीव्र प्रहार गरेको छ, हामीलाई झेल्न मुस्किल भइरहेको छ। सिंगै पार्टी एकजुट भएर, एकताबद्ध भएर, एकताबद्ध पार्टीले सामना गर्नुपर्ने, मुकाविला गर्नुपर्ने ठाउँमा त्यतिबेलै पार्टीभित्र अध्यक्ष हटाउँछु भन्याछ, के भन्याछ,' ओलीले भने, 'अहिले यी सबै कुरा बेकारका कुरा हुन्। अहिले अनुशासनहीनता देखा परेको छ, अराजकता देखा परेको छ। उनले आइतबार पनि झापाको अर्को कार्यक्रममा अवसर लिइसकेका नेताहरू नै नेतृत्वविरुद्ध उभिएको आरोप लगाएका छन्। उनले भनेका छन्, 'पाएका, खाएका, लाएकाहरू नै बढी असन्तुष्ट छन्। जसले पार्टीबाट पर्याप्त अवसर लिए, तिनै अहिले असन्तुष्ट छन्।'

पुनर्गठन पक्षमा रहेका एमाले महासचिव पोखरेल भने ०८२ मा वामपन्थी आन्दोलनले असाधारण धक्का बेहोरेको बताउँदै अब पुरानै पाराले अघि बढ्न नसकिने बताएका छन्। उनले भनेका छन्, 'आधारभूत वर्ग र समुदायका जनता किन कम्युनिस्ट पार्टीबाट टाढिँदै छन् र नेता-कार्यकर्तामा सामाजिक परिवर्तनको हुटहुटी किन मर्न थाल्यो भन्नेबारे निर्मम समीक्षा नगरी पुनर्जागरण सम्भव छैन।'

उता झापामा अध्यक्ष ओलीसँगै रहेका एमाले सचिव शेरधन राई अहिले ओलीको बचाउमा लागेका छन्। कोशी प्रदेश इन्चार्जसमेत रहेका राईले पार्टी पुनर्गठन भनेको केपी ओली हटाउने मिसनमात्रै बुझाइ भएको बताएका छन्।

उनले अध्यक्षलाई हटाउँछौं भन्ने पात्र र प्रवृत्तिलाई तिरस्कार गर्नुपर्ने बताए। 'हामीले यतिबेला पार्टीलाई बहुआयामिक सेक्टरमा सुधार गर्नको निम्ति सुझावहरू संकलन गर्दै गर्दा, कार्यकर्ताहरूको भावना बुझ्दै गर्दा, पुनर्गठन भनेको त केपी ओली हटाउने मिसनमात्रै हो भन्ने स्थिति पनि देखा पर्दैछ, उनले भने, 'यो सबैभन्दा खतरनाक कुरा हो। यस्ता खालका पात्र, प्रवृत्ति र यस प्रकारको एउटा मिसनलाई हामीले दुत्कार्नुपर्छ, त्यसका लागि म तपाईंहरूलाई आह्वान गर्न चाहन्छु।' गत फागुन २१ को चुनावको नतिजा आउँदै अध्यक्ष ओलीलाई हटाउने अभियान थालिएको पनि उनले आरोप लगाए। 'चुनावको नतिजा नआइसक्दै केपी ओलीलाई हटाउने कुरा पार्टीभित्रैबाट हामीले सुन्नुपऱ्यो,' उनले भने।

तर, ओलीको पछिल्लो अभिव्यक्तिपछि सामाजिक सञ्जालमा युवाहरूको असन्तुष्टिको ओइरो लागेको छ। अनेरास्ववियुका पूर्वअध्यक्ष समिक बरालले 'आवारा' भन्ने अभिव्यक्तिप्रति विरोध जनाएका छन्। 'पार्टीभित्र पुनर्गठन र नेतृत्व हस्तान्तरणको प्रश्न उठाउनेहरूलाई 'आवारा' भनेर फैसला सुनाउनु सजिलो छ। तर प्रश्न गर्नेहरू आवारा हुन् कि प्रश्नदेखि डराउनेहरू राजनीतिक आवारा हुन यसको फैसला इतिहासले गर्छ नै,' उनले भनेका छन्, 'नेतृत्वको रक्षा गर्नु निष्ठा हो, तर नेतृत्वलाई प्रश्न गर्ने नपाइने बनाउनु निष्ठा होइन, अन्धभक्ति हो। आफ्नै सिपाहीलाई गाली गरेर सेनापति बलियो हुँदैन, बरु सिपाही किन प्रश्न गर्न बाध्य भए भन्ने ऐना हेर्नुपर्छ। आरोपले आवाज दबाउन सकिएला, तर पुनर्गठन र हस्तान्तरणको बहसलाई 'आवारा' भन्दै इतिहासबाट मेट्न सकिँदैन।

अखिलकै पूर्वमहासचिव नरेश रोकायले पनि पार्टीका तीन आगामी कार्यभार रहेको उल्लेख गरेका छन्। 'हस्तान्तरण, रूपान्तरण, पुस्तान्तरण,' उनले तीन कार्यभारबारे उल्लेख गरेका छन। एमाले नेता झपट रावलले अध्यक्ष ओलीको अभिव्यक्तिप्रति ४ प्रश्न उठाएका छन्। रावलले विचार र नीतिबारे बहस गर्ने कार्यकर्तालाई 'आवारा' भन्न मिल्छ कि मिल्दैन भन्दै प्रश्न गरेका छन्। नेतृत्व परिवर्तनको मागलाई हिजो अधिकारका रूपमा लिने तर अहिले अराजकता भन्ने दोहोरो मापदण्ड भएको उनको आरोप छ।

पार्टी सुधारको आवाज उठाउनेलाई 'पार्टी छाडेर जाऊ' भन्नु उचित नभएको र एमाले कसैको निजी कम्पनी नभएको रावलले बताएका छन्। उनले नेतृत्वमा अवसर र जिम्मेवारीको मापदण्ड सबैका लागि समान हुनुपर्ने उल्लेख गरेका छन्। रावलले आफ्ना प्रश्न व्यक्ति विशेषविरुद्ध नभई पार्टीभित्रको आन्तरिक लोकतन्त्र र वैचारिक बहसलाई बलियो बनाउन उठाइएको बताए।

उता नेकपामा एमालेसँग भएको प्रदेशस्तरको सत्ता समीकरणको विषयमा विवाद छ। नेकपाका संयोजक पुष्पकमल दाहालले सहसंयोजक माधवकुमार नेपाल नसोधी प्रदेशस्तरको सत्ता समीकरण गरेको भन्दै असन्तुष्टि छ।

आजको राशिफल

ज्यो. पं. मुकेश काफ्ले

मेष
नयाँ कामको सुरुवात गर्न राम्रो दिन रहेको छ। आर्थिक उन्नति तथा प्रगति हुने सम्भावना छ।
शुभ रंग: रातो
शुभ अंक: ९

वृष
मित्रवर्ग तथा परिवारबाट सहयोग मिल्नेछ। आँटेका र सोचेका प्रायः कामहरू पूरा हुनेछन्।
शुभ रंग: सेतो
शुभ अंक: ६

मिथुन
काममा व्यस्तता बढ्नेछ। बोलीका कारण विवाद हुन सक्ने भएकाले विशेष ध्यान दिनुहोस्।
शुभ रंग: हरियो
शुभ अंक: ५

कर्कट
आर्थिक क्षेत्रमा सुधार आउने संकेत छ। लामो समयदेखि नबनेका कामहरू बन्ने सम्भावना रहेको छ।
शुभ रंग: सेतो
शुभ अंक: २

सिंह
मानसम्मान बढ्नेछ। ठूला तथा प्रभावशाली व्यक्तिसँगको भेटघाट फलदायी रहनेछ।
शुभ रंग: रातो
शुभ अंक: १

कन्या
नयाँ योजना बनाउन अनुकूल समय रहेको छ। अनावश्यक खर्चबाट आफूलाई जोगाउनुहोस्।
शुभ रंग: हरियो
शुभ अंक: ५

तुला
साथीभाइ तथा सहकर्मीबाट सहयोग मिल्नेछ। काममा प्रगति हुँदा परिवार र मनमा समेत प्रसन्नता छाउनेछ।
शुभ रंग: सेतो
शुभ अंक: ६

वृश्चिक
पुराना समस्याहरू समाधान हुनेछन्। मुद्दा-मामिलामा सहज हुन सक्छन्। आर्थिक लाभको अवसर आउनेछ।
शुभ रंग: गाढा रातो
शुभ अंक: ९

धनु
यात्राका कारण मेहनत सार्थक हुनेछ। नयाँ-नयाँ सम्पर्कबाट विभिन्न लाभ प्राप्त हुन सक्छ।
शुभ रंग: पहेँलो
शुभ अंक: ३

मकर
पारिवारिक, सामाजिक वा राजनीतिक जिम्मेवारी बढ्नेछ। जिम्मेवारी बढे पनि मेहनतअनुसार राम्रो परिणाम प्राप्त हुनेछ।
शुभ रंग: नीलो
शुभ अंक: ८

कुम्भ
पढाइ वा विद्याको क्षेत्रका लागि पनि शुभ दिन रहेको छ। पारिवारिक वातावरण सुखद रहनेछ।
शुभ रंग: नीलो
शुभ अंक: ४

मीन
आत्मविश्वास बढ्नेछ। तपाईंको आत्मविश्वासका कारण आजको दिन सहज र सुखद बित्नेछ।
शुभ रंग: पहेँलो
शुभ अंक: ७

आइतबार टेकुस्थित नेपाल आयल निगममा एलपीजी ग्यास लिन लाइन बसेका उपभोक्ता। ● अभिषेक महर्जन

वैदेशिक रोजगारका सबै काम ठप्प

अजवी पौड्याल | *काठमाडौं*

वैदेशिक रोजगार व्यवसायमा संलग्न देशैभरका कार्यालयहरू आजै (सोमबार)बाट अनिश्चितकालका लागि बन्द हुँदैछन्। नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आफ्ना मागहरूको सुनुवाइ नभएको भन्दै सोमबारदेखि देशैभरका कार्यालय बन्द गर्ने घोषणा गरेको छ। नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव हिराबहादुर डाँगीले एक विज्ञप्ति निकाल्दै सोमबारबाट वैदेशिक रोजगारीसम्बन्धी सबै सेवा ठप्प पारिने बताएका छन्। भिसा आएर विदेश उड्न ठिक्क परेका श्रमिकलाई समेत सोमबारबाट विदेश पठाइने छैन।

विभिन्न १५ बुँदे माग राख्दै आन्दोलनमा उत्रिएको वैदेशिक रोजगार व्यवसायी संघले माग पूरा नभएपछि सोमबारदेखि वैदेशिक रोजगारसम्बन्धी सबै सेवा ठप्प पार्ने घोषणा गरेको थियो। संघले यसअघि नै श्रम स्वीकृति, नयाँ विज्ञापन तथा भिसा स्ट्याम्पिङलगायतका काम रोकिसकेको छ। संघले म्यानपावर कार्यालयमात्रै रोक्ने नभएर मेनपावरमार्फत वैदेशिक रोजगारीमा जाने श्रमिक पठाउने प्रक्रियासमेत पूर्ण रूपमा रोक्ने जानकारी दिएको छ।

संघका उपाध्यक्ष महेशकुमार बस्नेतका अनुसार, आइतबार राति १२ बजेभित्र प्रक्रिया पूरा भएका श्रमिकलाई विदेश पठाइसक्ने सूचना जारी भएको बताए। उनी भन्छन्, 'एक साताअघि नै सबै भिसा आएका श्रमिक पनि जान नपाउने म्यानपावर व्यवसायीलाई भिसा आएर तत्काल जानुपर्ने श्रमिकलाई आइतबार रातिसम्म पठाइसक्न सूचना जारी गरिएको छ। प्रक्रिया पूरा भए पनि सोमबारबाट पठाउन पाइने छैन।'

श्रम मन्त्रालयमा भएको वार्ता निष्कर्षविहीन

संघको आन्दोलनलाई श्रममन्त्री रामजी यादवले खासै प्राथमिकतामा राखेका छैनन्। दसौं दिनदेखि आन्दोलनमा उत्रिएका संघका पदाधिकारीसँग भेटघाट गर्ने र वार्ता गर्ने प्रयास पनि गरेको देखिँदैन। गत शुक्रबार युवा, श्रम तथा रोजगार मन्त्रालयमा संघका पदाधिकारी र मन्त्रालयका वार्ता टोलीबीच छलफल भएको थियो। श्रममन्त्रीको सल्लाहकार र शाखा प्रमुख पीताम्बर घिमिरेको संयोजकत्वमा प्रारम्भिक छलफल भएको थियो। छलफलले निष्कर्ष निकाल्न सकेन। संघका पदाधिकारीले श्रममन्त्रीसँग नै वार्ता गरेर निष्कर्ष निकाल्न खोजेको छ। ऐन संशोधनदेखि नीतिगत सुधारका माग राख्दै उनीहरूले माग पूरा गर्नुपर्ने अल्टिमेटम दिएका थिए। सरकारले व्यवसायीको समस्यालाई प्राथमिकतामा नराखेको उनीहरूको आरोप छ।

श्रमिक विदेश पठाउँदा लिन पाउनेलागत शुल्क तोक्नेलगायत पुरानो ऐन संशोधन गरेर समय सान्दर्भिक बनाउन, वैदेशिक रोजगार विभागले गरेको धरपकड रोक्नलगायतका माग राख्दै उनीहरू आन्दोलनमा उत्रिएका हुन्।

संघका महासचिव हिराबहादुर डाँगीले सोमबारबाट वैदेशिक रोजगारसम्बन्धी सम्पूर्ण काम-कारोबार तथा श्रमिकको उडान पूर्णरूपमा बन्द गराइएको बताएका छन्। यो निर्णय समग्र व्यवसायीको पेसागत अस्तित्व, सम्मान, अधिकार र दीर्घकालीन भविष्यसँग जोडिएको निर्णायक अभियान भएको संघको प्रष्टीकरण छ। सरकार र सम्बद्ध निकायसँगको संवाद, समन्वय र वार्ताका ढोका खुला राखिएको भन्दै संघले मागको सम्बोधन र कार्यान्वयन नभएसम्म संघर्षरत वा स्थगित नगरिने अडान लिएको छ। वैदेशिक रोजगार व्यवसायी संघका महासचिव डाँगीका अनुसार, भदौ १ गतेदेखि देशभरका मुख्य तथा शाखा कार्यालयहरूसमेत बन्द गरी वैदेशिक रोजगारसम्बन्धी सम्पूर्ण कामकारबाही तथा श्रमिकको उडान पूर्णरूपमा बन्द गरिनेछ।

पेसागत अस्तित्व, सम्मान, अधिकार र दीर्घकालीन भविष्यसँग जोडिएको विषय भएकाले सरकार, मन्त्रालय, विभाग तथा सम्बन्धित निकायसँग समाधानका लागि संवाद, समन्वय र वार्ताका ढोकाहरू खुला राखेको संघको दाबी छ। जायज मागहरूको ठोस सम्बोधन, निर्णय र कार्यान्वयनको विश्वसनीय आधार नआएसम्म संघर्ष फिर्ता वा स्थगित नहुने उनीहरूको अडान छ।

मेराविरुद्ध धेरै निन्दा सुनें, एक घण्टा बोल्छु : गगन थापा

काठमाडौं (अन्नपूर्ण) : नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले आफूविरुद्ध पछिल्लो तीन दिनमा धेरै निन्दा भएको बताएका छन्। कांग्रेसको संस्थापन इतर भेलालाई लक्षित गर्दै उनले आफूविरुद्ध धेरै निन्दा गरिएको बताए।

'बीपी र विद्रोहका ती दिन' को औपचारिक विमोचन कार्यक्रममा बोल्दै सभापति थापाले भने, 'धर्तीमा जन्मिएदेखि आजसम्म जानेर वा नजानेर जति मेरो निन्दा भएको थियो, त्योभन्दा धेरै यो तीन दिनमा भयो। जता हेऱ्यो त्यतै निन्दाका हेडलाइनहरू देख्छु। भोलि तपाईंहरूलाई बोलाएर एक घण्टा बोल्छु।'

थापाले जननायक बीपी कोइरालाका विचार र निर्णयलाई नेताहरूले आफ्नो अनुकूलता र सुविधाअनुसार मात्रै व्याख्या गर्न नहुने बताए। उनले बीपी कोइराला केवल राजनीतिक दलका नेता नभई समयभन्दा अगाडि देख्न सक्ने महान् चिन्तक भएको उल्लेख गरे।

उनले २०३३ सालमा बीपीले लिएको राष्ट्रिय मेलमिलापको नीति तत्कालीन राजनीतिक परिवेश, राष्ट्रिय सार्वभौमसत्ता र लोकतान्त्रिक मूल्य-मान्यतासँग जोडिएको ऐतिहासिक निर्णय भएको बताए। अहिले आफ्नो राजनीतिक स्वार्थ पूरा गर्न रातारात बीपीलाई सम्झिने र आफूलाई जे मन लाग्छ, त्यहीअनुसार बीपीको नाम प्रयोग गर्ने प्रवृत्ति बढेको भन्दै थापाले आपत्ति जनाए। कांग्रेसका नेताहरूले समेत आफ्नो राजनीतिक आवश्यकता पूरा गर्न 'राष्ट्रिय मेलमिलाप'को प्रसंगमा बीपी कोइरालालाई सम्झिने गरेको उनको टिप्पणी थियो। थापाले राजनीतिक सफलता र असफलताको परिभाषा पद वा सत्ता प्राप्तिमा मात्र सीमित गर्न नहुने बताए। लेखक धर्म गौतमजस्ता पुरानो पुस्ताका सयौं-हजारौं निष्ठावान् कार्यकर्ताको जीवनभरको त्याग र समर्पणकै कारण आज मुलुकमा लोकतन्त्र सम्भव भएको उनले स्मरण गरे। कति पटक मन्त्री, सांसद वा मेयर बनियो भन्ने आधारमा मात्रै व्यक्तिको राजनीतिक मूल्यांकन गर्दा निष्ठाको राजनीति ओझेलमा पर्ने उनको भनाइ थियो।

भारतीय सेनाध्यक्षको भ्रमण 'मानार्थ'को औपचारिकता कि 'अग्निवीर' को निकास ?

शिवप्रसाद ढुंगाना | *काठमाडौं*

भारतीय स्थलसेनाध्यक्ष जनरल धीरज सेठ ५ दिने औपचारिक भ्रमणका लागि आइतबार काठमाडौं आइपुगेका छन्। प्रधानसेनापति अशोकराज सिग्देलको औपचारिक आमन्त्रणमा हुन लागेको सेठको भ्रमण दुई देशका सेना प्रमुखलाई एक-अर्काको 'मानार्थ महारथी' को दर्जा दिने सन् १९५० देखिको सात दशक लामो ऐतिहासिक सैन्य शिष्टाचारमा आधारित छ।

तर, राष्ट्रपति भवन शीतल निवासमा मानार्थ महारथीको दर्ज्यानी चिह्न ग्रहण गर्ने परम्परागत औपचारिकता त छँदैछ। साथै, ६ वर्षदेखि रोकिएको नेपाली गोर्खा भर्ती र 'अग्निवीर' योजनाले सिर्जना गरेको रणनीतिक गतिरोध तोड्न नेपालले यो भ्रमणलाई कसरी प्रयोग गर्छ भन्ने विषयले सुरक्षा कूटनीतिक वृत्तमा विशेष चर्चा पाएको छ।

सैन्य सुरक्षा मामिलाका जानकार शैलेस थापाका अनुसार दुई देशबीचको ऐतिहासिक सैनिक सम्बन्ध, आपसी विश्वास तथा संस्थागत सहकार्यलाई थप सुदृढ बनाउने उद्देश्यले हुन लागेको यो भ्रमणलाई नेपाल-भारत सैन्य कूटनीतिको महत्त्वपूर्ण अवसरका रूपमा हेर्नुपर्छ।

भ्रमण तालिका अनुसार राष्ट्रपति रामचन्द्र पौडेलले भारतीय सेनाध्यक्ष जनरल सेठलाई नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गर्ने छन्। भ्रमणका क्रममा जनरल सेठले जंगी अड्डामा प्रधानसेनापति सिग्देलसँग द्विपक्षीय सैन्य सहयोग, सहकार्य, विपद् व्यवस्थापन र संयुक्त सैन्य अभ्यासका विषयमा छलफल गर्ने छन्।

यसैगरी, रक्षा मन्त्रालयको समेत जिम्मेवारी सम्हालिरहेका प्रधानमन्त्री वालेन्द्र शाहसँगको शिष्टाचार भेटका लागि समन्वय भइरहेको छ भने भूपूसैनिकहरूको ठूलो बाहुल्यता रहेको पोखरास्थित पेन्सन क्याम्पमा आयोजना हुने ज्यालीमा समेत उनी सहभागी हुने कार्यक्रम रहेको बताइन्छ। दुवै देशका सेना प्रमुखले नियुक्तिपछि एकअर्काको देशबाट मानार्थ महारथीको सम्मान ग्रहण गर्ने यो विशिष्ट परम्परा विश्वमै सैनिक सम्बन्धको उत्कृष्ट उदाहरण मानिन्छ।

- भारतीय स्थलसेनाध्यक्ष जनरल धीरज सेठ ५ दिने औपचारिक भ्रमणका लागि नेपाल आएका छन्।
- प्रधानसेनापति अशोकराज सिग्देलको निमन्त्रणामा भएको भ्रमणको मुख्य आधार नेपाल-भारतबीचको सैन्य सम्बन्ध र मानार्थ महारथीको परम्परा हो।

सुरक्षा मामिलाका जानकार थापाका अनुसार यसले दुवै सेनाबीचको विश्वास, सम्मान र सौहार्दपूर्ण सहकार्यलाई थप प्रगाढ बनाउँदै आएको छ।

सुरक्षा कूटनीतिको केन्द्रमा 'अग्निवीर' र त्रिपक्षीय सन्धि

सन् २०२२ जुनमा भारतले 'अग्निपथ' योजना (४ वर्षे ठेक्का सेवा र पेन्सनरहित प्रावधान) लागू गरेपछि नेपालले त्यसलाई सन् १९४७ को नेपाल-भारत-बेलायत त्रिपक्षीय सन्धिको मर्मविपरीत भएको भन्दै भर्ती स्थगन गरेको थियो। त्यसयता कोभिड कालसहित विगत ६ वर्षदेखि नेपालबाट नेपाली मूलका गोर्खाको भर्ती ठप्प छ। नेपालले सन् १९४७ को नेपाल-भारत-बेलायत त्रिपक्षीय सन्धिमार्फत गोर्खा सैनिकलाई भारत र बेलायती सेनामा भर्ती तथा सेवा गर्ने व्यवस्था स्वीकार गरेको थियो। यसअनुसार १० गोर्खा रेजिमेन्टमध्ये ६ वटा भारतीय सेना र ४ वटा बेलायती सेनामा रहने व्यवस्था भयो। भारतको अग्निपथ योजनाअन्तर्गत गोर्खा भर्ती गर्दा १९४७ को त्रिपक्षीय सन्धिमा उल्लेख भएका सेवा-सर्तसँग नयाँ व्यवस्था मिल्छ कि मिल्दैन ? भन्ने प्रश्न उठ्यो। नेपालले अग्निपथ योजना सन्धिले स्पष्ट रूपमा समटेको विषय नभएको भन्दै गोर्खा भर्तीमा सहमति नदिई भर्ती प्रक्रिया रोकेको थियो।

हालै लमजुङ र पोखराका पूर्वसैनिक तथा युवाहरूले 'खाडीमा पसिना बगाउनुभन्दा अग्निवीरमै जान पाउनु बेस' भन्दै भर्ती खुलाउन माग गरेका छन्। संसद्मा रास्वपाका सांसद डा. धनञ्जय रेग्मीले अग्निवीर भर्तीको विषयलाई प्राथमिकताका साथ उठाएका थिए। भारतीय सेनामा औपचारिक र पारदर्शी भर्ती रोकिँदा नेपाली युवाहरू दलालमार्फत भिजिट वा विद्यार्थी भिसामा रुस पुगी रुसी सेनामा भर्ती हुने र युद्धमैदानमा ज्यान गुमाउने विकराल समस्या बढेको छ। यसलाई रोक्न पनि अग्नीवीरले निकास पाउनु पर्ने माग उठ्दै आएको छ। यही कारण पनि नेपालले आफ्नो सुरक्षा कूटनीतिलाई समयानुकूल परिमार्जन गर्नुपर्ने दबाब बढेको छ। परराष्ट्रमन्त्री शिशिर खनालले हालै भारतबाट औपचारिक प्रस्ताव आएमा त्रिपक्षीय सन्धि वा नयाँ व्यवस्थाबारे पुनरावलोकन र छलफल गर्न नेपाल तयार रहेको बताएका थिए। तर, भ्रमणमा सैन्य कूटनीतिक पहल कसरी हुन्छ भन्ने चासो सर्वत्र छ।

गोर्खा भर्ती रोकिएको विषयमा भारतीय भूतपूर्व सैनिक संघले नेपाल सरकार र भारतीय दूतावासमार्फत ज्ञापनपत्र बुझाएको थियो। यसबारे सरकारी तवरमा चासो नभएको भारतीय भूतपूर्वसैनिक संघ धरानका पूर्वसचिव भीमकुमार राई बताउँछन्। उनले सरकारी तहमा कूटनीतिक पहल गरेर अग्निवीर खुलाउनु पर्ने बताए। 'सन्धिअनुसार नै पहल हुनुपर्दछ, नभए भारतीय प्रस्तावअनुसार नै भए पनि खुलाउनु पर्ने' उनको भनाइ छ। धेरै नेपाली युवाहरू अहिले भर्ती नहुँदा अन्य देशमा रोजगारीका लागि पलायन भएको भन्दै उनले यस विषयमा रक्षा र परराष्ट्र मन्त्रालयले अग्रसरता लिनुपर्ने बताए।

औपचारिकता कि निकास

यदि भारत सरकारले नेपालबाट अवकाश प्राप्त हुने अग्निवीरहरूका लागि नेपालमै पुनर्स्थापना वा विशेष आर्थिक प्रोत्साहनको ग्यारेन्टी गर्छ भने, भारतीय सेनाध्यक्षको यो भ्रमणले दुई देशबीचको गोर्खा लिगेसीलाई पुनः पुरानै लयमा फर्काउन सक्छ। अन्यथा, यो भ्रमण मानार्थ महारथी साटासाट गर्ने अर्को औपचारिकतामा मात्र सीमित हुनेछ र आगामी २० वर्षभित्र भारतीय सेनामा नेपाली गोर्खाको उपस्थिति इतिहासमा परिणत हुने जोखिम यथावत् रहनेछ।

होल्डिङ सेन्टर मृत्यु प्रकरण

दबाबमा सहमति गराइएको हिरालाल परिवारको आरोप

निमा योन्जन | *काठमाडौं*

- हिरालाल हजाराको परिवारले सरकारसँग भएको पाँचबुँदे सहमति पुनरावलोकन गरी पुनः लिखित सहमति गर्न माग गरेको छ।
- छोरा रवि पासवानले आफू र पत्नीलाई दबाबमा सहमतिपत्रमा हस्ताक्षर गराइएको दाबी गरेका छन्।
- परिवारले काठमाडौंमै तत्काल जग्गा, भत्काइएको घरको क्षतिपूर्ति र काठमाडौं-११ बाट मृत्यु दर्ताको सिफारिस मागेको छ।

भक्तपुरको बोडेस्थित होल्डिङ सेन्टरमा मृत्यु भएका हिरालाल हजाराको परिवारले सरकारसँग भएको सहमति पुनरावलोकन गरी पुनः लिखित सहमति गर्न माग गरेको छ।

हिरालालका छोरा रवि पासवानले शुक्रबार सरकारसँग भएको पाँचबुँदे सहमतिका विषयमा आफूहरू पूर्ण रूपमा जानकार नरहेको र दबाबमा हस्ताक्षर गराइएको दाबी गरेका छन्। उनका अनुसार बुवाको आत्मदाहपछि परिवारमा मानसिक तनाव बढेको र आफू पनि बिरामी अवस्थामा रहेका बेला आफू र पत्नी अञ्जलीकुमारी पासवानलाई पटक-पटक दबाब दिएर सहमतिपत्रमा हस्ताक्षर गराइएको थियो। सरकार र मृतक परिवारबीच भएको सहमतिअनुसार मृतकको परिवारलाई तत्काल जग्गा उपलब्ध गराउने, दुई जनालाई रोजगारी दिने, बालबालिकाको शिक्षाको व्यवस्था गर्ने, परिवारका सदस्यको औषधोपचार गर्ने तथा मृतकको शव पोस्टमार्टम गरी तत्काल दाहसंस्कारको व्यवस्था गर्ने उल्लेख थियो। तर अहिले स्वास्थ्यमा सुधार आएपछि सहमतिपत्र अध्ययन गर्दा वास्तविक मागहरू समेटिएको नपाइएको भन्दै परिवारले आपत्ति जनाएको छ। परिवारले पुनः सातबुँदे माग अघि सारेको छ।

परिवारले काठमाडौं जिल्लामै तत्काल जग्गा उपलब्ध गराउनुपर्ने, मृत्यु दर्ताका लागि काठमाडौं-११ बाट सिफारिस गर्नुपर्ने र भत्काइएको घरको सरकारी मूल्यांकनका आधारमा क्षतिपूर्ति दिनुपर्ने माग गरेको छ। साथै परिवारका दुई सदस्यलाई सरकारी जागिरको ग्यारेन्टी, उच्च शिक्षासम्म निःशुल्क अध्ययन, निःशुल्क स्वास्थ्य उपचार तथा सामाजिक सुरक्षाको व्यवस्था गर्न पनि माग गरिएको छ।

मृतकको शव पोस्टमार्टम गरी दाहसंस्कारका लागि आवश्यक धार्मिक तथा सांस्कृतिक विधिअनुसार सरकारले आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने मागसमेत परिवारले राखेको छ। भूमिहीन सुकुम्बासीको समस्या समाधानका लागि उनीहरूको छाता संगठन संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चासँग छलफल, वार्ता र सहकार्य गर्न तथा अन्ततः हिरालाल हजारालाई 'भूमिसम्बन्धी नागरिक आन्दोलनको सहिद' घोषणा गर्न राज्यले पहल गर्नुपर्ने परिवारको माग छ।

हिरालालको मृत्यु भएपछि परिवारले सरकारसमक्ष १२ बुँदे माग राखेको थियो। तीमध्ये केही माग समेटेर भएको सहमतिपछि मात्र उनको शव बुझाइएको बताइएको छ। परिवारका अनुसार सहमति गराउने क्रममा सम्बन्धित सरोकारवालालाई बस्न नदिएको र प्रहरीबाट दबाब दिइएको थियो।

संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाका केन्द्रीय सल्लाहकार दलमर्दन कामीले सहमति गराउने क्रममा आफूहरूलाई समेत बस्न नदिइएको बताए। उनका अनुसार होल्डिङ सेन्टरभित्रै आफूहरूलाई प्रहरीले हातपात गरेको थियो।

कामीले छलफल गर्ने भन्दै रवि र उनकी पत्नीलाई बोलाए पनि छलफल नगरी हिरालालको पोस्टमार्टम गरेर बारा पठाइएको दाबी गरे। पुनः सहमतिको निवेदन दिएपछि सरोकारवालालाई परिवारसँग भेट्न खोज्दा प्रहरीले घेराबन्दी गरी रोक लगाएको र रवि तथा उनकी पत्नीलाई 'तिमीहरू हिँड' भन्दै बाहिर लगेर ट्रमा सेन्टर पुऱ्याइएको उनको भनाइ छ।

सरकारले यसअघि होल्डिङ सेन्टरमा रहेका सुकुम्बासी तथा भूमिहीन परिवारलाई नगद सहयोगसहित स्थान खाली गर्न निर्देशन दिएको थियो। सरकारले प्रत्येक परिवारलाई प्रारम्भिक व्यवस्थापनका लागि २५ हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरे पनि प्रभावित परिवारले स्थायी आवास, रोजगारी र जीविकोपार्जनको सुनिश्चितता माग गर्दै आएका छन्।

सत्यमेव जयते
EMBASSY OF INDIA
KATHMANDU
NOTICE INVITING TENDER

Embassy of India, Kathmandu invites bids under two bid systems (Technical & Financial Bid) from established firms for hiring of vehicles.

2. The bids shall be submitted online at Central Public Procurement Portal Website: http://eprocure.gov.in/eprocure/app. Offline bids can also be submitted to First Secretary (Admn, DP & R), Embassy of India, Kathmandu, P.O. Box No. 292, 336 Kapurdhara Marg, Kathmandu, Nepal-44600; Tel:-01-4434276 Email:transport.kathmandu@mea.gov.in.
3. Tender document can be downloaded from https://www.indembkathmandu.gov.in/ or can be collected from Transport Section. The last date for submission of bids is 06.09.2026 upto 1500hrs.

Sd/-
(Head of Chancery)
Embassy of India, Kathmandu

सम्पादकीय

खेल प्रशासनको कुस्ती

खेलकुदको नारामा अनुशासन कहिल्यै छुट्दैन। अनुशासन भनेको थिति र मर्यादाको पालना हो। नेपालको खेलकुद क्षेत्रमा भने बेथितिमात्रै व्याप्त देखिन्छ। हाम्रा खेलाडी प्रतिभावान् छन्, तर प्रशासन र व्यवस्थापनको पाटो लथालिंग र भताभुंगमात्र छैन, चरम राजनीतीकरण र व्यक्तिगत टकरावको कुस्तीले खेल क्षेत्र थिलोथिलो बनेको छ। पदाधिकारीका स्वार्थले खेलाडीहरू शोषित र पीडित छन्। न्याय माग्न खेलाडीले अदालतकै दैलो ढकढक्याउन पुग्नुपर्ने अवस्थाले हाम्रो खेलक्षेत्रको दुर्लभ दुर्दशालाई उजागर गरेको छ, जुन सायदै अन्त कतै होला। 'खेलकुद विकास ऐन, २०७७' ले 'एक खेल, एक संघ'को परिकल्पना गरेको छ। तर, राष्ट्रिय खेलकुद परिषद् (राखेप) भने आफैं दुईवटा उसु महासंघ खडा गरिरहेको छ। कानुनी मर्मअनुसार अन्तर्राष्ट्रिय महासंघको मान्यतालाई देशले स्वीकार्नुपर्ने हो। तर, यहाँ जुँगाको लडाइँका कारण समानान्तर संघहरू जन्माइएका छन्। शान्ति र एकताको प्रतीक मानिने खेलकुदको प्रशासन आफैं भने युद्धको मैदानजस्तो बन्न पुगेको छ।

राखेपले एसियाली खेलकुद (एसियाड) मा स्वर्णसहित दोहोरो अंकको पदक जित्ने लक्ष्य राखेको छ। यसका लागि खेलाडीले निकै मेहनत गरेका छन्, पसिना बगाएका छन्। असोज ३ देखि १८ गतेसम्म जापानमा हुने एसियाडका लागि २२ खेलका १ सय ३७ खेलाडी तम्तयार छन्। तर, प्रशासनिक नेतृत्व भने खेलाडीको मनोबल उच्च पार्नुको सट्टा उनीहरूलाई कमजोर बनाउने खेलमा लागिरहेको छ। पौडीका अब्बल खेलाडी इर्भिन श्रेष्ठ र मेधावी केसी धाँधलीपूर्ण छनोट भएको भन्दै सर्वोच्च अदालत पुग्न बाध्य भए। तेक्वान्दोका युवराज राना त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षबाटै फर्काइए। टेनिसमा राखेपका सदस्यसचिव रामचरित्र मेहताले आफ्नो भाग खोजेर मान्छे घुसाएका छन्। यस्तोमा खेलाडी आफ्नो प्रतिभा निखार्न लागून् कि प्रशासनिक अन्यायविरुद्ध लड्न्?

खेलकुदको पहिलो सर्त नै स्वच्छ प्रतिस्पर्धा हो। तर, हाम्रो खेल प्रशासन भने खेलाडी छनोटमै जालझेल रच्छ। नागरिकहरू राजनीति पनि स्वच्छ र प्रतिस्पर्धात्मक होस् भन्ने चाहन्छन्, तर हाम्रोमा त खेलकुद क्षेत्र नै राजनीतिका नाममा तिकडमबाजीको मैदान बनेको छ। प्रशासकहरू खेलाडीको भन्दा आफ्नो निजी हित हेरिरहेका छन्, जहाँबाट खेलकुदमा बेथितिको सुरुआत हुन्छ र फैलिन्छ। अमेरिकामा खेलकुदको छुट्टै मन्त्रालय छैन र त त्यहाँ खेलाडी छनोटमा विवाद र अस्वच्छता भएको खबर सुनिन्न। बेलायतमा पनि खेलाडी छनोटमा पूर्ण निष्पक्षता राखिन्छ। दक्षिण कोरिया, जापान र चीनजस्ता एसियाली 'पावरहाउस'हरूले खेलकुदलाई राष्ट्रिय स्वाभिमान र वैज्ञानिक व्यवस्थापनको शिखरमा पुऱ्याएका छन्। नेपालमा भने खेलाडीका लागि न पर्याप्त पोषणको व्यवस्था छ, न त अन्य सुविधा नै। खेलाडीहरू नक्कली र गुणस्तरहीन उपकरणका भरमा प्रशिक्षण लिन बाध्य छन्। अब सरकारले नै हस्तक्षेप गरी खेलकुद क्षेत्रको बेथिति अन्त्य गर्दै प्रणाली बसाल्न जरुरी छ। खेलाडीहरू भकाभक विदेश पलायन हुनुमा पनि यिनै बेथिति प्रमुख कारक हुन्।

प्रविधिमैत्री गुप्तचर प्रणाली

अबको प्रश्न राष्ट्रिय अनुसन्धान विभागको अस्तित्वमाथि होइन; यसको प्रभावकारिता र व्यावसायिकतामाथि हुनुपर्छ।

पूर्ण साउद

अग्रमत



प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले राष्ट्रिय अनुसन्धान विभाग (गुप्तचर निकाय)लाई फेरि प्रधानमन्त्री कार्यालय मातहत राख्ने गरी नेपाल विशेष सेवा ऐन संशोधन विधेयक पारित गरेको छ। संसद्का दुवै सदनबाट विधेयक पारित भएपछि यो विभाग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत कानुनी रूपमै स्थापित हुनेछ। राष्ट्रिय सुरक्षासँग सम्बन्धित महत्त्वपूर्ण संगठनलाई कहिले गृह मन्त्रालय त कहिले प्रधानमन्त्री कार्यालय मातहत राख्ने होडबाजी चलिरहेकै छ।

राष्ट्रको सार्वभौमसत्ता, राष्ट्रिय एकता, संवैधानिक व्यवस्था, आर्थिक स्थायित्व तथा नागरिकको सुरक्षा सुनिश्चित गर्नु राज्यको पहिलो दायित्व हो। आधुनिक विश्वमा राष्ट्रिय सुरक्षा केवल सेना, प्रहरी वा सीमाको रक्षामा मात्र सीमित छैन। साइबर आक्रमण, अन्तर्राष्ट्रिय आतंकवाद, संगठित अपराध, मानव बेचबिखन, वित्तीय अपराध, सूचना युद्ध, विदेशी प्रभाव, रणनीतिक पूर्वाधारमाथिका खतरा तथा कृत्रिम बुद्धिमत्ताको दुरुपयोगजस्ता नयाँ चुनौतीहरूले सूचना-आधारित सुरक्षा प्रणालीको आवश्यकता झनै बढाएका छन्।

नेपालको सन्दर्भमा राष्ट्रिय अनुसन्धान विभागको भूमिका, यसको संवैधानिक हैसियत, कानुनी आधार, उत्तरदायित्व र प्रभावकारिताबारे समय-समयमा बहस हुने गरेका छन्। 'जेन-जी' आन्दोलन, राजावादी आन्दोलन तथा साम्प्रदायिक तनावजस्ता ठूला घटनामा यो संगठनले भरपर्दो र पर्याप्त सूचना संकलन गर्न नसकेको आरोप खेपिरहेकै छ। तर, सरकार परिवर्तनपिच्छे यसको परिचालन, अधिकारक्षेत्र तथा राजनीतिक प्रयोगका विषयमा भने कमै मात्र बहस हुने गरेका छन्।

सरकारले सुरक्षा तथा कानुन व्यवस्थाको पुनर्संरचनाको तयारी गरिरहेको बेला राष्ट्रिय अनुसन्धान विभागलाई पनि आधुनिक, व्यावसायिक र उत्तरदायी बनाउने अवसरका रूपमा प्रयोग गर्नुपर्छ। कानुनी रूपमै अनुसन्धान विभागको काम, कर्तव्य र अधिकार स्पष्ट उल्लेख हुनैपर्छ। सुरक्षाजस्तो संवेदनशील विषय सरकारपिच्छे फरक पर्ने वा दलविशेषको रोजाइको विषय कदापि हुन सक्दैन। यो त राज्यको आधारभूत संरचनासँग जोडिएको विषय हो; किनभने जनता, भूगोल, सरकार र सार्वभौमसत्ता नै राष्ट्रका आधारभूत स्तम्भ हुन्।

संवैधानिक व्यवस्था : नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागसम्बन्धी स्पष्ट संवैधानिक अवधारणा छ। संविधानको भाग २८ मा राष्ट्रिय सुरक्षासम्बन्धी व्यवस्था छ, जसअनुसार राष्ट्रिय सुरक्षा परिषद् (धारा २६६), नेपाली सेनासम्बन्धी व्यवस्था (धारा २६७) र नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान संगठनसम्बन्धी व्यवस्था (धारा २६८) मा समेटिएका छन्। उक्त धाराअन्तर्गतका उपधाराहरूमा संघ तथा प्रदेशमा रहने कार्यालय, तिनको काम र परिचालनका सम्बन्धमा समेत व्यवस्था गरिएको देखिन्छ। संविधानले मन्त्रिपरिषद्लाई राज्य सञ्चालन तथा प्रशासनिक संरचना निर्माण गर्ने अधिकार दिएको छ। सोही अधिकारअन्तर्गत नेपाल सरकारले राष्ट्रिय अनुसन्धान विभागलगायत अन्य सुरक्षा निकाय सञ्चालन गर्दै आएको छ।

तर संवैधानिक मान्यता र प्रशासनिक अस्तित्वबीच ठूलो अन्तर हुन्छ। संवैधानिक/ऐनद्वारा स्थापित निकायको अधिकार, उत्तरदायित्व र स्थायित्व स्पष्ट हुन्छ भने प्रशासनिक निर्णयबाट मात्र सञ्चालित निकाय सरकार परिवर्तनसँगै नीति, प्राथमिकता र संरचनागत अस्थिरताको जोखिममा रहन्छ। सुरक्षा निकायहरूलाई यस किसिमको अस्थिरताबाट अलग राख्नुपर्छ। नेपालको छोटो लोकतान्त्रिक इतिहास, अस्थिर राजनीति र संवेदनशील भौगोलिक अवस्थितिका कारण सुरक्षा निकायका काम सधैं नै देश र जनताका लागि अति महत्त्वपूर्ण हुन्छन्।

अस्पष्ट कानुन : राष्ट्रिय अनुसन्धान विभागसम्बन्धी व्यवस्था मुख्य रूपमा 'नेपाल विशेष सेवा ऐन, २०४२'मा आधारित छ। उक्त ऐनको प्रस्तावनामा 'नेपालको सुरक्षा कायम राख्न नेपाल विशेष सेवा गठन र तत्सम्बन्धी सेवा शर्त सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले' भन्ने उल्लेख छ, जुन वर्तमान संविधान, समय र आवश्यकताका साथै कानुनी सिद्धान्त र आधुनिक प्रचलनका हिसाबले असान्दर्भिक भइसकेको छ। मौजुदा ऐनका प्रावधानहरू पुराना छन् र यिनले आधुनिक कार्यशैली तथा समयको गतिसँग तालमेल मिलाउन सकेका छैनन्।

विभागीय ऐनमै स्पष्ट रूपमा अधिकारको किटानी हुनुपर्छ। उदार लोकतन्त्र र कानुनी शासनमा अलिखित एवं अमूर्त प्रावधानले संगठन प्रभावकारी हुन सक्दैन। राष्ट्रिय अनुसन्धान विभागको कार्यसम्पादनका क्रममा अति आवश्यक मानिने सीमा निगरानी, गोपनीयता संरक्षण, नागरिक अधिकार, संसदीय उत्तरदायित्व तथा सूचना संकलनका आधुनिक विधिहरूलाई समेट्ने समग्र कानुनी ढाँचा विकास हुन सकेको छैन। जसको फलस्वरूप तीनवटा प्रश्न बारम्बार उठ्ने गरेका छन् :- १. विभागले के गर्न पाउँछ? २. के गर्न पाउँदैन? र, ३. यसको कामको निगरानी कसले गर्ने ? यिनै अस्पष्टताहरूका कारण अनावश्यक विवाद सिर्जना हुने गरेका छन्।

परिचालनमाथि बारम्बार प्रश्न किन ? : यसबारे पनि स्पष्ट छ- १. स्पष्ट कानुनी सीमांकनको अभाव। २. सरकार परिवर्तनसँगै नेतृत्व फेरबदल हुने परिपाटी। ३. राजनीतिक हस्तक्षेप र दुरुपयोगका आरोप। ४. नेपाल प्रहरी, सेना, सशस्त्र प्रहरी तथा अन्य अनुसन्धान निकायहरूसँग कार्यक्षेत्रको दोहोरोपन। ५. संसदीय निगरानी तथा स्वतन्त्र निरीक्षण संयन्त्र कमजोर हुनु। ६. नागरिकको गोपनीयताको संवैधानिक अधिकारसँग सम्बन्धित स्पष्ट प्रक्रिया नहुनु। किनभने, जहाँ संस्थाको अधिकार र सीमा स्पष्ट हुँदैन, त्यहाँ कार्यक्षमताभन्दा बढी आशंका जन्मिन्छ।

> राष्ट्रिय अनुसन्धान विभागको आवश्यकता दिनप्रतिदिन बढ्दो छ। सुरक्षा चुनौतीहरू जति जटिल बन्दै गएका छन्, त्यति नै आधुनिक र कानुनद्वारा नियन्त्रित गुप्तचर प्रणाली अपरिहार्य बन्दै गएको छ।

मुलुकमा राष्ट्रिय अनुसन्धान विभाग आवश्यक छ कि छैन? यसको एउटै मात्र उत्तर हुन्छ- 'अवश्य छ'। आधुनिक लोकतान्त्रिक मुलुकमध्ये लगभग कुनै पनि यस्तो देश छैन, जहाँ कुनै न कुनै प्रकारको राष्ट्रिय गुप्तचर संस्था नहोस्। राष्ट्रिय अनुसन्धानको उद्देश्य अपराध घटिसकेपछि अनुसन्धान गर्नु मात्र होइन; सम्भावित खतरा पहिल्यै पहिचान गरी सरकारलाई समयमै रणनीतिक सूचना उपलब्ध गराउनु हो। दुई विशाल शक्तिराष्ट्रका बीचमा रहेको भूराजनीतिक दृष्टिले संवेदनशील नेपालजस्तो मुलुकका लागि त प्रभावकारी गुप्तचर संयन्त्र झनै अपरिहार्य छ।

नेपालले हाल सामना गरिरहेका चुनौतीहरूमा अन्तर्राष्ट्रिय संगठित अपराध, सीमा अपराध, साइबर सुरक्षा, सम्पत्ति शुद्धीकरण, विदेशी प्रभाव, आर्थिक सुरक्षा, रणनीतिक पूर्वाधारको सुरक्षा, आतंकवाद, चरमपन्थ, मानव बेचबिखन र प्राकृतिक विपद्सम्बन्धी पूर्वसूचनाजस्ता विषय पर्छन्। यीमध्ये धेरैजसो विषयमा प्रहरीको परम्परागत अनुसन्धानभन्दा अघि बढेर पूर्वसूचना एवं रणनीतिक गुप्तचरी आवश्यक हुन्छ।

अन्तर्राष्ट्रिय अभ्यास : विश्वका अधिकांश लोकतान्त्रिक मुलुकले आफ्ना गुप्तचर संस्थालाई स्पष्ट कानुनी आधार दिएका छन्-

संयुक्त राज्य अमेरिका : सीआईए विदेशी रणनीतिक गुप्तचरका लागि जिम्मेवार छ भने एफबीआईले आन्तरिक सुरक्षा र प्रतिगुप्तचरीमा भूमिका खेल्छ। यी संस्थामाथि कंग्रेस (संसद्) तथा न्यायिक संयन्त्रद्वारा निगरानी हुन्छ।

रुस : एसभीआरले विदेशी गुप्तचर संकलन गर्छ, एफएसबीले आन्तरिक सुरक्षा, आतंकवाद नियन्त्रण र प्रतिगुप्तचरी हेर्छ भने जीआरयू सैन्य गुप्तचर र साइबर अपरेशनमा केन्द्रित छ।

इजरायल : मोस्साद विदेशी गुप्तचर र गोप्य अपरेशनका लागि प्रख्यात छ भने सिन बेटले आन्तरिक सुरक्षा तथा आतंकवाद नियन्त्रण गर्छ।

चीन : एमएसएसले आन्तरिक र बाह्य सुरक्षासम्बन्धी कार्य गर्छ।

इरान : एमओआईएसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गुप्तचर गतिविधि सञ्चालन गर्छ।

भारत : इन्टेलिजेन्स ब्युरोले आन्तरिक गुप्तचरी र 'रअ'ले बाह्य गुप्तचरीको जिम्मेवारी सम्हालेका छन्।

अस्ट्रेलिया, क्यानडा, जर्मनी, जापान, दक्षिण कोरियालगायतका लोकतान्त्रिक मुलुकहरूले पनि गुप्तचर संस्थालाई कानुनी दायराभित्र राख्दै नागरिक स्वतन्त्रता र राष्ट्रिय सुरक्षाबीच सन्तुलन कायम गरेका छन्। नेपाल पनि यही दिशामा अघि बढ्न आवश्यक छ। त्यसैले राष्ट्रिय अनुसन्धान विभागका लागि बेग्लै र आधुनिक ऐन निर्माण गर्नु जरुरी भइसकेको छ।

विभागको उद्देश्य र कार्यक्षेत्र, राष्ट्रिय सुरक्षासम्बन्धी सूचना संकलनको सीमा, नागरिकको गोपनीयताको संरक्षण, डिजिटल तथा साइबर गुप्तचरसम्बन्धी व्यवस्था, संसदीय निगरानी, न्यायिक नियन्त्रण, अन्तरसंस्थागत समन्वय, दुरुपयोग रोक्ने उत्तरदायित्व प्रणाली, पेशागत स्वतन्त्रता, योग्यतामा आधारित नेतृत्व चयन, आधुनिक प्रविधि र मानव स्रोत विकासजस्ता विषय ऐनमा प्रस्ट समेटिनुपर्छ। लोकतान्त्रिक र कानुनी शासनको मूल आधार नै सुस्पष्ट लिखित कानुन हो।

◆◆◆

नेपालको सुरक्षा प्रणालीको आधुनिकीकरणका लागि डा. युवराज संग्रौलाको अध्यक्षतामा गठित अध्ययन समितिले सुरक्षा निकायका समस्याहरूको सूक्ष्म अध्ययन गर्न 'स्वट' (सबल, दुर्बल, अवसर र चुनौती) विश्लेषण पद्धतिको प्रयोग गरेको थियो।

सबल पक्ष : सूचना संकलनको लामो अनुभव, देशव्यापी सञ्जाल, सरकारलाई रणनीतिक सूचना उपलब्ध गराउने क्षमता, र विपद् तथा सुरक्षा जोखिमको पूर्वसूचना दिने सम्भावना।

दुर्बल पक्ष : कमजोर कानुनी आधार, अस्पष्ट संवैधानिक पहिचान, सीमित प्रविधि र स्रोत, दक्ष जनशक्तिको कमी, कमजोर निगरानी प्रणाली र राजनीतिक प्रभावको आरोप।

अवसर : डिजिटल गुप्तचर प्रणालीको विकास, कृत्रिम बुद्धिमत्ता आधारित विश्लेषण, अन्तर्राष्ट्रिय सूचना साझेदारी, साइबर सुरक्षा सुदृढीकरण तथा संगठित अपराध नियन्त्रणमा प्रभावकारिता वृद्धि।

भविष्यको मार्गचित्र : स्वट विश्लेषणअनुसार राष्ट्रिय अनुसन्धान प्रणालीलाई अब केवल 'गोप्य संस्था' मात्र होइन, कानुनद्वारा शासित, लोकतान्त्रिक रूपमा उत्तरदायी, प्रविधिमैत्री र सूचना विश्लेषणमा आधारित राष्ट्रिय सुरक्षा संस्थाका रूपमा रूपान्तरण गर्नुपर्ने औंल्याइएको छ। सरकारले राष्ट्रिय सुरक्षा, लोकतान्त्रिक उत्तरदायित्व र नागरिक स्वतन्त्रताबीच सन्तुलन कायम हुने गरी स्पष्ट कानुनी ढाँचा निर्माण गर्न सकेमा विभागप्रतिको सार्वजनिक विश्वास अभिवृद्धि हुनेछ र मुलुकको सुरक्षा प्रणालीमा देखिएको सूचनाको रिक्तता समाप्त हुनेछ।

निष्कर्ष– पुनर्गठन गर्नु नै समयको अनिवार्य शर्त : राष्ट्रिय अनुसन्धान विभागको आवश्यकता दिनप्रतिदिन बढ्दो छ। अकल्पनीय क्षति र राजनीतिक गतिरोधको सामना देशले निरन्तर गरिरहेकै छ। अबको प्रश्न विभागको अस्तित्वमाथि होइन; यसको प्रभावकारिता र व्यावसायिकतामाथि हुनुपर्छ। त्यसका लागि स्पष्ट कानुनी आधार, संस्थागत स्वायत्तता, संसदीय उत्तरदायित्व र पारदर्शिताजस्ता विषय ऐनमै सुनिश्चित गरिनुपर्छ। सुरक्षा चुनौतीहरू जति जटिल बन्दै गएका छन्, त्यति नै आधुनिक र कानुनद्वारा नियन्त्रित गुप्तचर प्रणाली अपरिहार्य बन्दै गएको छ। वर्तमान सरकारले सुरक्षा तथा कानुन व्यवस्थाको पुनर्संरचना गर्दा राष्ट्रिय अनुसन्धान विभागलाई स्पष्ट कानुनी हैसियत, प्रविधिमैत्री क्षमता र पेशागत स्वायत्ततासहित पुनर्गठन गर्नु नै समयको अनिवार्य शर्त हो।

सशस्त्र प्रहरीका पूर्वएसपी साउद अधिवक्तासमेत हुन्।

नाग, प्रकृति र संस्कृति

अच्युतप्रसाद पौडेल 'चिन्तन'

आज भदौ १, नागपञ्चमी अर्थात् घरघरमा नागको विशेष पूजाआजा गरिने पवित्र दिन। आजका दिन नागको पूजा गर्नाले वर्षभरि नागदोष, सर्पभय र भूकम्पादि प्राकृतिक प्रकोपबाट बचिन्छ भन्ने शास्त्रीय मान्यता छ। सर्प हाम्रा वातावरणीय मित्र हुन् भने नाग हाम्रा पूज्य देवता। वैदिक शास्त्रमा शेषनागलाई केवल धर्तीको मात्र नभई समग्र ब्रह्माण्डकै धारक मानिएको छ। त्यसैले नागको संरक्षण गर्नु भनेको मूलत: धर्ती र पर्यावरणकै रक्षा गर्नु हो।

नागको बासस्थान जलमा हुन्छ। तर विडम्बना, आज हामी जलसंकटको गम्भीर मोडमा उभिएका छौं। तराई-मधेसमा समयमा रोपाइँ हुन सकेको छैन भने पहाडतिर पनि असन्तुलित वर्षाको असर परेको छ। विगतमा धान रोप्नुपूर्व खेतका आलिमा कपासको पिउरी र दर्शनढुंगामा नागको आकृति बनाएर पूजा गर्ने परम्परा थियो। जबसम्म मानिसले प्रकृतिका यी प्रतीकहरूलाई पुज्थे, तबसम्म जल र वायुको यस्तो गम्भीर संकट थिएन; अन्नका भण्डारहरू भरिभराउ हुन्थे। तर, आज समयले कोल्टो फेरेको छ; हाम्रा जीवनशैली र संस्कृतिमा परिवर्तन आएको छ। नाग र तिनका बासस्थान संरक्षित छैनन्।

फलस्वरूप वर्षा असन्तुलित बनेको छ- कतै अतिवृष्टि, कतै खण्डवृष्टि त कतै सुक्खाको मार छ। जल, जंगल र जडीबुटीकै कारण हाम्रो देशलाई समृद्ध मानिन्थ्यो। यस अर्थमा नागपूजन भनेको धर्ती र पर्यावरणकै पूजन हो। सामान्यत: धर्ती पूजामा शंख, दीप, मन्त्र, मणि-माणिक्य, जनै, फूल, फल, पुस्तक, तुलसी, कपूर, सुवर्ण, चन्दन र शालिग्रामको जल आवश्यक पर्छ; तर नागपूजा गर्दा भने शंख नबजाउनु नै उत्तम मानिन्छ। धर्ती स्वयम् जगन्माता भएकाले बिहान ओछ्यानबाट उठेर पहिलो पाइला भुइँमा राख्नुअघि पृथ्वीको वन्दना गर्ने वैदिक परम्परा छ-

समुद्रवसने देवि पर्वतस्तनमण्डिते।
विष्णुपत्नि नमस्तुभ्यं पादस्पर्शं क्षमस्व मे॥

पौराणिक आख्यानअनुसार सर्वप्रथम भगवान् श्रीहरिले धर्तीको पूजा गर्नुभएको थियो। भक्तिपूर्वक धर्तीमाताको उपासना गर्नाले श्रीसम्पत्ति, आयु, प्रज्ञा, यश र आरोग्य प्राप्त हुन्छ। आज विश्वभरि देखिएका वातावरणीय संकटहरू धर्तीप्रतिको बेवास्ता र अचाक्ली दोहनकै दुष्परिणाम हुन्। दत्तात्रेयका २४ गुरुमध्ये पृथ्वी पनि एक हुन्, जसबाट मानिसले सहनशीलताको गुण सिक्नुपर्छ। विशालताको प्रतीक आकाश अर्को गुरु हो।

हाम्रो शरीर माटो, जल, तेज, वायु र आकाश गरी पञ्चतत्त्वको सूक्ष्म रूप हो र भौतिक देहको अन्त्यपछि यी तत्त्वहरू पुन: आफ्नै मातृस्रोतमा विलीन हुन्छन्। सनातन परम्परामा नयाँ घर निर्माण गर्दा, गृहप्रवेश गर्दा वा नयाँ अन्नबाली लगाउँदा नाग र पृथ्वीको पूजा अनिवार्य मानिन्छ।

हाम्रो पूर्वीय दर्शन अत्यन्त व्यापक छ। यसले मानवदेखि सूक्ष्म जीवात्माहरूसम्मको अस्तित्वलाई स्वीकार गर्दै प्रकृतिको संरक्षण गर्ने चिन्तन बोकेको छ। श्रावण शुक्ल पञ्चमीका दिन घर-आँगन र वरपरको वातावरण पवित्र पारेर मूल ढोकामा नागको चित्र टाँसी दही, दूबो, दूध र लाभाले पूजा गर्ने परम्परा छ। देवदेवीका मूर्ति र चित्रहरूबाट सकारात्मक ऊर्जा प्रवाह हुन्छ। घरका ढोका र भित्तहरूमा कलश, गणेश, सूर्य, हनुमान्, स्वस्तिक तथा ओमजस्ता प्रतीक चिह्न राख्नाले घरमा भावनात्मक र आध्यात्मिक सुरक्षा कायम रहन्छ।

वास्तुशास्त्र र तन्त्रग्रन्थहरूमा नागको दिशात्मक स्थितिबारे विशेष उल्लेख छ। नागको शिर भदौ, असोज र कात्तिकमा पूर्वतर्फ; मंसिर, पुस र माघमा दक्षिणतर्फ; फागुन, चैत र वैशाखमा पश्चिमतर्फ तथा जेठ, असार र साउनमा उत्तरतर्फ हुन्छ। नागपूजा गर्दा नागको शिर कुन दिशातर्फ छ भन्ने ज्ञान हुनु आवश्यक मानिन्छ, अन्यथा पूजाको पूर्ण फल प्राप्त हुँदैन भन्ने शास्त्रीय मान्यता छ।

जहाँ नाग र जलको बास हुन्छ, त्यहाँ लक्ष्मीको बास हुने र आगलागी, चट्याङ वा विद्युतीय दुर्घटनाजस्ता विपत्तिबाट जोगिन सकिने जनविश्वास छ। कृषिप्रधान समाजमा नागलाई शक्ति र समृद्धिको प्रतीक मानिन्छ।

पाञ्चायन देवमध्ये शिवको गलामा, विष्णुको शय्यामा र गणेशको हातमा नाग विराजमान छन्। त्रेतायुगमा भगवान् श्रीरामका भाइ लक्ष्मण र द्वापरयुगमा श्रीकृष्णका दाजु बलरामलाई शेषनागकै अवतार मानिन्छ। बाल्यकालमा श्रीकृष्णले कालीयनागको दमन गरेर यमुना नदीलाई विषमुक्त गराएका थिए, जसले जीवनको सुरुवातमै प्रदूषण र विकृतिहरूलाई हटाउनुपर्छ भन्ने सन्देश दिन्छ। त्यसैगरी, सत्ययुगको समुद्र मन्थनको प्रसंगमा वासुकी नागको माध्यमबाट हलाहल विष ओकलेपछि मात्रै अमृत प्राप्त भएको कथाले संघर्ष र शोधनपछि मात्र सफलता मिल्छ भन्ने आध्यात्मिक रहस्य उजागर गर्छ।

संक्षेपमा, नागपञ्चमी केवल एउटा धार्मिक परम्परा मात्र होइन; यो त जल, जमिन, नाग र समग्र पारिस्थितिक प्रणालीको सम्मान गर्ने वैज्ञानिक एवं सांस्कृतिक पर्व हो। प्रकृतिको दोहन रोकेर यसको सन्तुलन कायम राख्नु नै आजको नागपञ्चमीको वास्तविक सन्देश र सार्थकता हो।

पाठकपत्र

जनताको आवाज

काठमाडौंका निजी विद्यालयमा शिक्षकको चित्कार

काठमाडौंका निजी विद्यालयमा शिक्षकको चित्कार भनेको एकातिर श्रम शोषण, अर्कोतिर मौनतामा यौन दुर्व्यवहारको हो। अभिभावकबाट मासिक हजारौं रुपैयाँ शुल्क असुल गर्ने काठमाडौं उपत्यकाका महँगा र नाम चलेका निजी विद्यालयहरू (संस्थागत विद्यालय पनि) भित्र कार्यरत शिक्षक तथा शिक्षिकाहरू चरम श्रमशोषण र यौनजन्य दुर्व्यवहारको सिकार भइरहेका छन्। आकर्षक भवन र चमकधमक पछाडि शिक्षकहरूको पेसागत सुरक्षा, श्रमको उचित मूल्य र न्यूनतम मानवीय सम्मानसमेत खोसिएको पाइएको छ।

१. **श्रम शोषण** : न्यूनतम तलब पाउने ग्यारेन्टी छैन, कागजमा एउटा, हातमा अर्को (सरकार) तथा काठमाडौं महानगरपालिकाले निजी विद्यालयका शिक्षकहरूलाई पनि सामुदायिक विद्यालयका शिक्षकसरह वा श्रम ऐनअनुसारको न्यूनतम तलब भत्ता दिन स्पष्ट निर्देशन जारी गरिसकेको छ। तर, उपत्यकाका धेरैजसो निजी विद्यालयले यो नियमलाई पूर्ण रूपमा धज्जी उडाएका छन्। तोकिएको भन्दा आधा कम तलब। सरकारले तोकेको न्यूनतम पारिश्रमिकको तुलनामा निजी विद्यालयका शिक्षकले मासिक ८ हजारदेखि १५ हजार रुपैयाँमा बिहानदेखि बेलुकासम्म खट्नु परेको छ। कागजी फर्जी, नियमनकारी निकायलाई देखाउन बैंक खातामा पूरा तलब पठाएको नाटक गर्ने र पछि शिक्षकहरूबाट नगदै फिर्ता माग्नेजस्ता गम्भीर आर्थिक अपराध र शोषण हुने गरेको शिक्षकहरूको गुनासो छ।

अतिरिक्त कामको शून्य भुक्तानी। कक्षा शिक्षणबाहेक ट्युसन, अतिरिक्त क्रियाकलाप, कपी जाँच्ने र प्रशासनिक काममा ढिलोसम्म खटाउँदा पनि ओभरटाइम वा अतिरिक्त सुविधा दिइँदैन। सामाजिक सुरक्षा कोषबाट वञ्चित। धेरैजसो विद्यालयले शिक्षकहरूलाई सञ्चय कोष, उपदान र सामाजिक सुरक्षा कोषमा सूचीकृत गरेका छैनन्। थोरै आवाज उठाउनेबित्तिकै बिना कुनै पूर्वसूचना 'नयाँ सत्रदेखि नआउनू' भन्दै जागिरबाट निकालिने डर देखाइन्छ।

२. **यौन दुर्व्यवहार** : रोजगारी गुम्ने र चरित्र हत्याको भयले गुम्सिएको आवाज। श्रम शोषणभन्दा पनि डरलाग्दो रूपमा निजी विद्यालयभित्र महिला शिक्षिकाहरूमाथि हुने यौनजन्य दुर्व्यवहारको समस्या रहेको छ। विद्यालय सञ्चालक, प्रिन्सिपल वा व्यवस्थापन समितिका उच्च पदस्थ व्यक्तिहरूबाटै शिक्षिकाहरू यौन हिंसाको सिकार हुने गरेका छन्। कार्यक्षमता बोलाएर अस्वाभाविक सामीप्यता देखाउन खोज्ने, दोहोरो अर्थ लाग्ने शब्द प्रयोग गर्ने र व्यक्तिगत जीवनका विषयमा अश्लील प्रश्न सोध्ने प्रवृत्ति आम रूपमा देखिन्छ। पद र जागिरको धम्की दिइन्छ। मागअनुसारको सम्बन्ध नराखेमा कार्यसम्पादन कमजोर भएको बहाना बनाउने, ग्रेड घटाउने वा जागिरबाट निकाल्ने जस्ता मानसिक दबाब दिने गरिन्छ। उजुरी गर्ने संयन्त्रको अभाव छ। मौन बस्न बाध्य छन् शिक्षिका। समाजमा चरित्र हत्या हुने डर र अर्को विद्यालयमा जागिर नपाइने त्रासका कारण अधिकांश महिला शिक्षिकाले यस्ता घटना सहनु वा सुटुक्क जागिर छाड्नुको विकल्प पाउँदैनन्।

नियमनकारी निकायको उदासीनता : काठमाडौं महानगरपालिका र शिक्षा मन्त्रालयले निजी विद्यालयको नियमन गर्ने बताए पनि स्थलगत अनुगमन र कडा कारबाही नहुँदा विद्यालय सञ्चालकहरूको मनोबल बढेको छ। 'हामीले पढाएका विद्यार्थी डाक्टर, इन्जिनियर र प्रशासक बन्छन्, तर हाम्रो आफ्नै पेसागत र व्यक्तिगत जीवन भने शोषित छ', काठमाडौंको निजी विद्यालयकी एक शिक्षिकाले दु:खेसो पोखिन्।

सटर खोल्छौं, दिनभर टोलाउँछौं, साँझ रित्तै फर्किन्छौं

आर्थिक मन्दीले गल्ली र मुख्य सडकका व्यापारी संकटमा परेका छन्। घाम भुल्किनासाथ सडक र भित्री गल्लीका पसलका सटरहरू तानिन्छन्। तर, सटर तानिए पनि ग्राहकको भने अत्तोपत्तो हुँदैन। दिउँसो १-२ नबज्दै सधैं चहलपहल हुने मुख्य सडक र गल्लीहरू अचेल सुनसान प्राय: देखिन्छन्। आर्थिक मन्दी, उपभोग्य क्षमतामा आएको ह्रास र युवा शक्तिको तीव्र विदेश पलायनका कारण बजार सुस्ताउँदा साना तथा मझौला व्यापारीहरू चरम संकटमा परेका छन्।

सोसल मिडियामा पोखियो निराशा : 'व्यापार शून्य, भाडा तिर्ने धौ-धौ।' अचेल सामाजिक सञ्जाल (फेसबुक, टिकटक, र एक्स)मा व्यापारी र सर्वसाधारणले बजारको यो कारुणिक दृश्यका तस्बिर तथा भिडियोहरू पोस्ट गर्दै व्यथा पोखिरहेका छन्।

दिउँसै मान्छे नभएर सडक शून्य छ : टिकटक र फेसबुकमा भाइरल भइरहेका भिडियोहरूमा दिउँसोको समयमा पनि मुख्य व्यापारिक केन्द्र तथा भित्री गल्लीहरूमा मानिसहरूको आवतजावत नभएको र पसलेहरू टोलाएर बसिरहेको देख्न सकिन्छ।

सटरमा 'पसल बिक्रीमा'को बोर्ड : सामाजिक सञ्जालमा धेरैजसोले पोस्ट गरेका तस्बिरहरूमा पसलका सटरहरूमा 'पसल बिक्रीमा' वा 'सटर भाडामा' लेखिएका टाँसिएका कागजहरू प्रस्टै देखिन्छन्।

व्यापारीहरूको गुनासो : सामाजिक सञ्जालमा एक कपडा व्यापारी लेख्छन्- 'दिनभर सटर खोलेर बस्यो, बोहनी (पहिलो बिक्री) नभई साँझ सटर बन्द गर्नुपर्

‘नयाँ मुलुक’मा फक्रँदै कला

जे पाण्डे | *नेपालगन्ज*

बाँकेको मानपुरस्थित नेपाल प्रहरीको एउटा चौकीमा १३ वर्षअघि इन्स्पेक्टरको भूमिकामा उभिएकी नायिका सबिना कार्की त्यसपछि पर्दामा धेरै पटक देखिइसकेकी छन्। तर नेपालगन्जमा देखिएकी छैनन्।

त्यो पहिलो दृश्य अझै पनि खजुरा खुर्दका रामकुमार बर्माको स्मृतिमा ताजै छ। भ्रष्ट मन्त्री र नेताको पक्षमा लाग्ने एक एआईजीलाई प्रहरीकै चौरमा जनतासामु उभ्याएर सजाय दिइएको त्यतिबेलाको फिल्मी दृश्यले उनलाई अहिले पनि झस्काउँछ। बर्मा भन्छन्, ‘घुसखोरी र भ्रष्टाचारमा डुबेकालाई यस्तै गरी कारबाही गर्ने हो भने अन्याय धेरै हदसम्म समाप्त हुन्थ्यो।’

देशमा भ्रष्टाचार, राजनीतिक संरक्षण र अपराधबीचको साँठगाँठबारे अहिले पनि सर्वत्र बहस चर्किरहेको छ। प्रहरी, नेता र मन्त्रीबीचको मिलेमतोमा अपराधको जालो कसरी फैलिन्छ र त्यसले समाजलाई कति असुरक्षित बनाउँछ भन्ने कथाकी पात्र सबिना छायांकनका क्रममा चर्को गर्मीका कारण पसिनाले निथ्रुक्क भएकी थिइन्। तर, भूमिकाप्रतिको उत्साह भने कम थिएन।

फिल्म ‘एटीएम’ मा दिएको भूमिकाका कारण सबिना चर्चामा आएकी थिइन्। उनका केही दृश्यलाई लिएर दर्शकबीच तीव्र बहससमेत भएका थिए। कतिपयले उनका दृश्यलाई ‘अर्धनग्न’ भन्दै टिप्पणी गरेका थिए। तर, ‘पंगा’ मा भने उनको ग्लामरभन्दा चरित्र र संघर्ष केन्द्रमा थियो।

फिल्ममा सबिनाको पात्रले आफ्नै संगठनभित्र फैलिएको भ्रष्टाचारसँग संघर्ष गर्छ। भ्रष्ट प्रहरी, नेता र मन्त्रीबीचको मिलेमतोले प्रहरी संगठनप्रतिको उनको विश्वास क्रमशः कमजोर हुँदै जान्छ। अन्ततः आफ्ना नायकको हत्याको बदला लिन र समाजलाई अपराधको जालोबाट मुक्त गराउने उद्देश्यले उनी सुटरहरूको सहयोगमा एआईजीको हत्या गर्ने योजनासम्म पुग्छिन्।

सबिनाको चरित्र केवल प्रहरी इन्स्पेक्टरको होइन, भ्रष्टाचार र राजनीतिक संरक्षणमा हुर्किएको अपराधविरुद्ध विद्रोह गर्ने पात्रको रूपमा देखिन्छ। अहिले समाजमा भ्रष्टाचारको जालो कहाँसम्म फैलिएको छ भन्ने बहस चलिरहेका बेला फिल्मको कथा समसामयिक देखिन्छ।

नेपालगन्जकै कलाकार जितु पनि फिल्मका प्रमुख पात्रमध्ये एक हुन्। आफ्नो भूमिकाबारे उनले भने, ‘मेरो पात्रको भ्रष्ट नेता र मन्त्रीसँग मिलेमतो हुन्छ। अन्त्यमा मेरो हत्या हुन्छ।’

नेपालगन्जकै अर्का कलाकार वीरेन्द्र यादव पनि फिल्मका प्रमुख पात्रका रूपमा थिए। ‘पंगा’ सबिनाको आठौं फिल्म हो। उनी अहिले पनि चलचित्र क्षेत्रमै सक्रिय छिन्। भन्छिन, ‘जीवनको अन्तिम लक्ष्य नै यही हो। यसैमा जिन्दगी बिताउने चाहना छ।’

सन्त्रास फिल्म सुटिङको सुरुवात गर्दै डा.अरुण कोइराला र अभिनय गर्दै कलाकार। ● अन्नपूर्ण

- पश्चिम तराईमा नेपाली कला, साहित्य, संगीत र चलचित्रको गतिविधि विस्तार हुँदै गएको छ।
- बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलाई ‘नयाँ मुलुक’का रूपमा चिनाउँदै यहाँको कला-संस्कृति राष्ट्रिय तहमा पुग्न थालेको छ।
- नेपालगन्ज आसपासका जंगल, मन्दिर, गाउँ र पुराना संरचना चलचित्र छायांकनका आकर्षक गन्तव्य बन्न थालेका छन्।

उनी ‘नयाँ मुलुक’लाई केवल भूगोलका रूपमा होइन, देशको बहुरंगी सांस्कृतिक अनुहारका रूपमा चलचित्रको पर्दामा उतार्न चाहन्छिन्। तराईका संस्कृति, परम्परा, भाषा, भेषभूषा र जीवनशैलीलाई पहाड र हिमालका कथासँग जोडेर नेपाली समाजको विविधतालाई एउटै कथामा गाँस्न चलचित्र सशक्त माध्यम बन्न सक्ने उनको विश्वास छ।

‘हाम्रो देशको विशाल भूगोलभित्र अनेक भाषा, संस्कृति र परम्परा छन्। ती सबैलाई चलचित्रमार्फत एउटै पर्दामा जोड्न सकियो भने विविधताभित्रको एकताको गाँठो अझ बलियो बनाउन सकिन्छ। मेरो चाहना पनि यही हो,’ सबिनाले भनिन्।

सबिनाको यो चाहना ‘नयाँ मुलुक’लाई पर्दामा उतार्ने योजनाभन्दा पर पुगेर तराई, पहाड र हिमालका साझा संवेदनालाई एउटै सिनेमाई कथामा गाँस्ने सांस्कृतिक दृष्टि बनेको छ।

नेपालगन्जमा एउटा भव्य तर खण्डहर बन्दै गएको राणाकालीन एउटा पुरानो महल। इतिहासको गन्ध बोकेका अग्ला भित्ता र समयले खुइल्याएका झ्यालढोका। त्यही महलमा चलचित्रको छायांकन चलिरहेको थियो। थकानले लखतरान नायिका रूपा खनालले आराम गर्ने ठाउँ कतै भेटिनन्। अन्ततः कामदारहरूले प्रयोग गर्ने डेरीको खटिया उनको विश्रामस्थल बन्यो।

खटियामा ढल्नासाथ उनी गहिरो निद्रामा पुगिन्। १५ वर्षअघि चैतको चर्को घाममा बाँकेको फुलटेक्रास्थित ‘सन्त्रास’ चलचित्रको छायांकनस्थलमा देखिएको त्यो दृश्यले पश्चिम तराईमा विस्तार हुँदै गरेको कलाको नयाँ यात्राको एउटा सानो संकेत दिँदै थियो।

अर्की नायिका क्षितिजा शाक्य गर्मीले आलस्य मानिरहेकी थिइन्। चर्को घामले आफ्नो गोरो छालाको रंग फेरिएला भन्ने चिन्ता पनि थियो। तर, नयाँ भूगोल, नयाँ परिवेश र नयाँ अनुभवप्रतिको उत्सुकताले उनीहरूलाई त्यहीँ तानेको थियो। यी त केही उदाहरणमात्र हुन्।

कहिल्यै काठमाडौंका स्टुडियो र सुविधासम्पन्न सुटिङस्थलमा सीमितजस्तो देखिने नेपाली कला अब विस्तारै पश्चिमतिर आफ्नो पदचाप छोड्दै थियो।

बाँके, बर्दिया, कैलाली र कञ्चनपुर ‘नयाँ मुलुक’ भनेर चिनिने नेपाली भूगोल हो। केही वर्ष यता यो भूगोलमा क्यामेराका आँखाहरू खुल्न थालेका छन्। गीतका स्वर गुञ्जिन थालेका छन्। मञ्चहरू भरिन थालेका छन्। स्थानीय भाषा र लयले राजधानीको संगीतसँग संवाद गर्न थालेका छन्। साहित्यले यहाँका माटो, नदी, जंगल, गर्मी, गरिबी, प्रेम र संघर्षलाई कथामा उतार्न थालेको छ।

कहिले कलाकार भेट्न र हेर्न काठमाडौं धाउनुपर्ने बाध्यता थियो। कलाकार पनि यहींबाट आफ्नो प्रतिभा देखाउन राजधानी पुग्नैपर्ने अवस्थामा थिए। तर, अहिले त्यो दूरी केही छोटिँदै गएको छ।

लू चल्ने सहरमा कलाकारहरू आउन थालेका छन्। जंगलका बीचमा क्यामेरा पुग्न थालेका छन्। गाउँका मञ्चमा राजधानीका गायकहरू उभिन थालेका छन्। स्थानीय कलाकारले आफ्नै भूगोलमा अवसर पाउन थालेका छन्।

पश्चिमको कलाको खडेरी विस्तारै चिर्दैछ। यसको एउटा सुन्दर उदाहरण थियो ‘सन्त्रास’ चलचित्रको छायांकन। नेपालगन्जमा यसअघि पनि थ्रुप्रै चलचित्र छायांकन भएका थिए। तर ‘सन्त्रास’ले बाँकेका गाउँ, जंगल र मन्दिरलाई कथाको दृश्य बनायो। पर्दामा पश्चिमको भूगोल आफ्नै अनुहारसहित देखियो। धूलो उड्ने बाटा, बाक्ला जंगल, पुराना मन्दिर र ग्रामीण जीवन अब केवल स्थानीयको आँखामा सीमित रहेनन्। क्यामेराको आँखाबाट देशभरका दर्शकसम्म पुग्न थाले।

चलचित्रका लागि पोखरा, काठमाडौं वा अन्य सुगम गन्तव्य रोज्ने कलाकारका लागि नेपालगन्ज त्यति सहज विकल्प थिएन। खानपान, आवतजावत र सुटिङका सुविधाको अभाव थियो। यही कारण पश्चिम कहिलेकाहीं कलाकारका लागि उपेक्षित भूगोलजस्तो देखिन्थ्यो।

तर समय फेरिएको छ। साहित्यका विभिन्न विधामा कलम चलाउनेदेखि अभिनय र संगीतमा सक्रिय प्रतिभाको पश्चिममा कहिल्यै कमी थिएन। कमी थियो त अवसरको। राजधानी नपुगी आफ्नो क्षमता देखाउन नसकिने अवस्था थियो।

अहिले त्यो अवस्था विस्तारै बदलिँदैछ। बाँकेको पूर्वी क्षेत्रमा पर्ने घना जंगलभित्रको भुवर भवानी मन्दिर। वरिपरि जंगल। सुनसान वातावरण। स्थानीय विश्वासमा देवीको शक्ति र जंगलको भय मिसिएको ठाउँ। त्यहीँ एक दिन चलचित्रका कलाकार पुगेका छन्। त्यो पनि देवीको शक्ति प्राप्त गर्ने आशयमा ताण्डव नृत्यका लागि।

जंगलभित्र रहेको प्रसिद्ध भुवर भवानी मन्दिरमा कलाकारहरू आएर देवीको प्रार्थनासहित ताण्डव नृत्य गर्लान् भन्ने कल्पना पुजारी बलराम रेग्मीले पनि गरेका थिएनन्। उनी छक्क परेको बताउछन्। भन्छन, ‘यस्तो ठाउँमा कलाकारहरू आउलान् भन्ने सोचेको पनि थिइनँ। त्यो त ईश्वरकै देन जस्तो लाग्यो।’

आफूले वर्षौंदेखि पूजा गर्दै आएको मन्दिरमा डरलाग्दो कालो वस्त्रधारी तान्त्रिकले जंगल नै थर्किने गरी भुवर भवानीको शक्तिबारे बयान गरेको सुन्दा उनी झन् चकित भएका थिए।

यो ठाउँको महत्त्व अझ बढदै गएको छ। घना जंगलका कारण वन्यजन्तुको आतंकबाट जोगिन स्थानीय बासिन्दाले २०१३ सालमा भुवर भवानी देवीको मन्दिर निर्माण गरी पूजाआजा सुरु गरेको जनविश्वास छ। पूजा नगरे बाघ रिसाउने र विनाश गर्ने विश्वास अझै पनि स्थानीय कथ्यको हिस्सा छ।

त्यही जंगलमा छायांकनका लागि पुगेकी रूपा खनाललाई धमिराले बनाएको माटोको कलात्मक चुचुरोले मोहित बनायो। केहीबेर उनी त्यसैसँग खेलिरहिन्।

त्यहीँ उनले आफ्नो नाम परिवर्तनको रहस्य खोलेकी थिइन्। ‘हात हेर्ने ज्योतिषीले नाम परिवर्तन गरे सफलता मिल्छ भनेपछि रूपाबाट म विशाखा भएकी हुँ,’ उनले भनिन्। जंगलको माटो, देवीको विश्वास र चलचित्रको कथा एउटै दृश्यमा मिसिएको थियो।

अचेल चर्को गर्मीमा पनि नेपालगन्जमा चलचित्र प्रदर्शनका लागि नायक नायिका र निर्माताहरू आउने गर्छन्। आफ्ने भूमिकालाई पर्दामा हेर्न आएका दर्शकको प्रतिक्रिया बुझ्न। तर उनको नेपालगन्ज आगमनको अर्को अर्थ पनि थियो। राजधानीबाट कलाकार पश्चिमतिर दर्शक खोज्दै आउन थालेका छन।

हुन त नेपालगन्जकै कलाकारहरूले कानुन र कर्तव्य अनि कलियुगकी देवी दुईवटा चलचित्र निर्माण गरेका थिए। २०४४ सालतिर ती चलचित्र निर्माण हुँदा काठमाडौंबाटै क्यामरालगायतका उपकरण ल्याउनु परेको थियो। शत्रु चलचित्रको सुटिङ पनि नेपालगन्जबाट सुरु भएको थियो। ९ वटा चलचित्रमा भूमिका निभाइसकेका कैलाश प्रवीण भन्छन, ‘अहिले त काठमाडौंबाट यता आउने क्रम बढेको छ।’

‘पश्चिम तराईमा फिल्म छायांकन हुने क्रममा बढ्नुको मुख्य कारण आर्थिक पाटो हो। यता आवास र खानका खर्च कम पर्छ। कम खर्चमा धेरै सुविधा प्राप्त गर्छन्। त्यसैले निर्माताहरू नयाँ मुलुकतिर आउन थालेका छन्’ ४५ वर्ष कला क्षेत्रको अनुभव सँगालेका कलाकार कैलाश प्रवीणले भने।

हुन त अवधि भाषाको टेलिशृंखला ‘अभागन बनी सुहागन’का नायक वीरेन्द्र यादव पनि यही क्षेत्रका कलाकार हुन्। आफ्नै भूगोलमा बसेर उनले नेपाली चलचित्र ‘सन्त्रास’मा अभिनय गर्ने अवसर पाए। उनी भन्छन्, ‘कलाको मञ्च बढेको छ। तर अपेक्षित व्यावसायिक लाभ कलाकारले अझै पाउन सकेका छैनन्।’

सञ्चारको विस्तारले बजारलाई फराकिलो बनाएको उनको अनुभव छ। राजधानी नै धाउनुपर्ने बाध्यता विस्तारै कम हुँदै गएको छ।

पश्चिम तराई भइरहेको कलाकारहरूको आगमनले सांस्कृतिक नक्सा फेरिँदै गरेको संकेत गरेको छ। बाँकेको जंगलमा चलचित्रको क्यामेरा पुग्नु, बर्दियाको सायरको शब्द सुन्ने पाठक बढ्नु, कैलालीको थारू लयमा नयाँ पुस्ता नाच्नु, कञ्चनपुरको मञ्चमा काठमाडौंका गायकको स्वर गुञ्जिनु, अवधि भाषामा ‘मुनामदन’ पढिनु, यी सबै छुट्टाछुट्टै घटना होइनन्। यसले राजधानीको छायामा परेको पश्चिम अब आफ्नै उज्यालो खोज्दैछ भन्ने प्रस्ट पार्छ। ‘नयाँ मुलुक’ भनिएको यो भूगोल अब केवल सीमाको कथासँग मात्र जोडिँदैन। यो कला, भाषा, साहित्य र संगीतको पनि एउटा उर्वरभूमि बन्दैछ।

यहाँको धूलोमा कथा छ। जंगलमा लोकविश्वास छ। मन्दिरमा संस्कृति छ। गर्मीमा संघर्ष छ। भाषामा विविधता छ। र गीतमा एउटा यस्तो आवाज छ, जो पहाडबाट तराई झर्दै, सीमापारिका हावासँग मिसिँदै फेरि काठमाडौंसम्म पुग्न खोजिरहेको छ।

भोजपुरमा फैलियो भाइरल ज्वरो, अस्पतालमा बिरामीको चाप

प्रदीपचन्द्र राई | *भोजपुर*

मौसमको परिवर्तनसँगै भोजपुरमा भाइरल ज्वरोको संक्रमण बढ्न थालेको छ। पछिल्ला केही दिनयता ज्वरो, रुघाखोकी, टाउको दुख्ने, घाँटी दुख्ने तथा शरीर दुख्नेजस्ता समस्याले ग्रस्त बिरामीहरू स्वास्थ्य संस्था पुग्ने गरेका छन्। सदरमुकामस्थित जिल्ला अस्पताल भोजपुरमा समेत भाइरल ज्वरोका बिरामीको चाप बढेपछि स्वास्थ्यकर्मीलाई समेत सेवा प्रवाहमा थप सास्ती बढेको छ।

अस्पतालको बहिरंग सेवामा पछिल्ला दिनमा सामान्य अवस्थाभन्दा बढी बिरामी उपचारका लागि पुग्ने गरेका छन्। विशेषगरी ज्वरोसँगै रुघाखोकी, घाँटी दुख्ने, टाउको दुख्ने तथा शरीर गल्नेजस्ता लक्षण भएका एकसय पचासभन्दा बढी बिरामीहरू दैनिक अस्पताल आउने गरेको स्वास्थ्यकर्मीहरू सुनाउँछन्। मौसम परिवर्तन, वर्षायाममा हुने वातावरणीय परिवर्तन तथा संक्रमण फैलिन सक्ने अवस्थाका कारण भाइरल ज्वरोका बिरामी बढेको अस्पतालका सूचना अधिकारी दीपेन्द्र दासले बताए।

‘अहिले अस्पतालमा दैनिक डेढसयको हाराहारीमा भाइरल ज्वरोका बिरामी आउने गरेका छन्। प्रतिकूल हावापानीका कारण अझै लगभग एक महिना यो संक्रमणको अवस्था रहन सक्ने सम्भावना छ,’ उनले भने। बिहानैदेखि उपचारका लागि अस्पताल पुग्ने बिरामीको संख्या बढ्दा बहिरंग सेवामा पालो कुर्नुपर्ने अवस्थासमेत देखिएको छ। अहिले पनि २० देखि ३० जना विरामीहरू बेड भर्ना हुने गरेको उनले जानकारी दिए।

भोजपुरका ग्रामीण क्षेत्रबाट समेत उपचारका लागि सदरमुकाम आउने बिरामीका कारण अस्पतालमा चाप थपिएको छ। सामान्य स्वास्थ्य समस्या लिएर स्थानीय स्वास्थ्य संस्थामा उपचार गराए पनि सुधार नभएपछि विरामीहरू थप उपचारका लागि जिल्ला अस्पताल आउने गरेको चिकित्सकहरू सुनाउँछन्।

अस्पतालका मेडिकल अधिकृत मुकेश दास तत्माका अनुसार भाइरल ज्वरो एक व्यक्तिबाट अर्को व्यक्तिमा संक्रमण हुन सक्ने भएकाले व्यक्तिगत सरसफाइ र स्वास्थ्य सावधानीमा विशेष ध्यान दिन आवश्यक रहेको बताए। भीडभाडमा जाँदा सकेसम्म मास्क प्रयोग गर्ने, नियमित रूपमा साबुनपानीले हात धुने, सफा तथा सुरक्षित पानी पिउने र पोषणयुक्त खाना खानेजस्ता उपाय अपनाउन चिकित्सकहरूले सुझाव दिएका छन्।

ज्वरो आएको भन्दै आफूखुसी औषधि सेवन गर्ने प्रवृत्तिले समस्या निम्त्याउन सक्ने भएकाले स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्ने अस्पतालका प्रमुख पवित्रा श्रेष्ठले सुनाइन्। सामान्य ज्वरो तथा रुघाखोकी केही दिनमा निको हुनसक्ने भए पनि लगातार ज्वरो आइरहेमा, अत्यधिक कमजोरी भएमा, श्वास-प्रश्वासमा समस्या देखिएमा वा स्वास्थ्य अवस्था थप बिग्रिँदै गएमा तत्काल स्वास्थ्य संस्थामा पुग्नुपर्ने उनले सुनाइन्।

अस्पतालमा बिरामीको चाप बढ्दै गएपछि अस्पतालले आवश्यक औषधि, जनशक्ति तथा उपचार व्यवस्थापनलाई चुस्त राख्नुपर्ने आवश्यकता देखिएको छ। मौसमी संक्रमणका कारण एकैपटक बिरामीको संख्या बढ्दा अस्पतालको नियमित सेवामा दबाब परेको र स्वास्थ्यकर्मीहरू पनि ज्वरोबाट संक्रमित हुनु परेकाले सेवा प्रवाह थप समस्या आएको कर्मचारी शरण प्रधानको भनाइ छ। भने, ‘अस्पतालमा विरामीको चाप बढेकाले निरन्तर सेवामा खटिएका स्वास्थ्यकर्मीहरू पनि भाइरल ज्वरोबाट ग्रसित छन्। सेवा प्रवाहमा चरम समस्या उब्जिएको छ।’

भोजपुरमा भाइरल ज्वरोको संक्रमण बढ्दै गएको अवस्थामा बिरामीको संख्या, संक्रमणको प्रकृति र कारणबारे स्वास्थ्य निकायले नियमित निगरानी तथा तथ्यांक संकलन गर्नुपर्ने आवश्यकतासमेत देखिएको सरोकारवालाहरू सुनाउँछन्। स्थानीय अगुवा विमल रणपहँलीले संक्रमण समुदायस्तरमा फैलिन नदिन स्वास्थ्य संस्था मात्र होइन, स्थानीय तह र सम्बन्धित निकायले समेत जनचेतनामूलक अभियान सञ्चालन गर्नुपर्ने बताए।

उनले बिरामीको चाप बढिरहेको अवस्थामा अस्पतालको उपचार क्षमता मजबुत बनाउनुका साथै संक्रमणको अवस्था पहिचान र रोकथाममा पनि उत्तिकै ध्यान दिनुपर्ने बताए।

41 Years of Excellence
NEA - Nepal's Power System Adequate, Reliable & Affordable
CONGRATULATIONS !
नेपाल विद्युत प्राधिकरण
NEPAL ELECTRICITY AUTHORITY
41 years is noteworthy !
Many Congratulations on achieving this significant milestone.
sayapatri Hydropower Pvt.Ltd. — SAYAPATRI HYDROPOWER LIMITED. AC COMPLEX, CHABBHIL KATHMANDU DARAM KHOLA "A" HYDROPOWER PROJECT
TRANSWELD TRANSFORMER — Transweld Nepal Pvt. Ltd. Greenland, Tokha, Kathmandu
NEEK® — Er. Kush Kumar Joshi, Managing Director, Nepal Ekarat Engineering Co. Pvt. Ltd. & Family, Thapathali, Kathmandu
HIGHTENSION SWITCHGEARS PVT. LTD. 4TH FLOOR, A.T. COMPLEX NEW PLAZA, KATHMANDU, NEPAL TEL: 4536097, 4523801 E-mail: info@htsgnepal.com
bpc BUTWAL POWER COMPANY LIMITED
MAILUNG KHOLA JAL VIDHYUT COMPANY LIMITED — MAILUNG KHOLA JAL VIDHYUT COMPANY LTD. Tel: 01-4532372 E-mail: mailung.mkjc@gmail.com Web: www.mailungkhola.com.np
माउन्टेन इनर्जी नेपाल लि. Mountain Energy Nepal Ltd. Dillibazar, Kathmandu
sanima SANIMA HYDRO — SANIMA HYDRO FAMILY Dhumbarahi, Kathmandu, Tel: 4373030
Himalaya Urja Bikas Company Limited हिमालय उर्जा बिकास कम्पनी लिमिटेड Subidhanagar, Tinkune, Kathmandu Tel: 4111673
RIDI POWER COMPANY LTD. Thapathali, Kathmandu Tel: 01-5111015
हिमालयन पावर पार्टनर लि. Himalayan Power Partner Ltd. Energy Sector Research, Development & Consulting Services Panipokhari, Kathmandu Tel: 4514517
नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लिमिटेड Nepal Hydro & Electric Limited — Head Office: Durbar Marg, Butwal, POB No: 1 Rupendehi, Tel: 071-540212 Marketing aOffice: 313-Gangadevi Marg, Buddha nagar, New Baneshwor, Tel: 4785250
Waiba Infratech Private Limited — WAIBA INFRATECH PRIVATE LIMITED Bijeshwari Marga, Swayambhu-15, Kathmandu, Nepal Tel: +00977-1-5373036, 5382054 Fax: +00977-1-5371096 E-mail: waibainfratech@gmail.com, info@waibainfratech.com //http: Website: www.waibainfratech.com
SYNERGY POWER DEVELOPMENT LIMITED सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड Baluatar, Kathmandu, Nepal Tel: 4513212 E-mail: info@synergyhydro.com Web: www.synergyhydro.com
BHOTE KOSHI POWER COMPANY PVT. LTD. 158/76, Redcross Marga, Kalitmati Bafal, Kathmandu, Nepal Tel: 5902508/9 E-mail: query@bkpc.com.np
UPPER HEWAKHOLA HYDROPOWER COMPANY LTD. — UPPER HEWA KHOLA HYDROPOWER COMPANY LIMITED ANAMNAGAR, KATHMANDU TEL: 5705774 E-mail: info@upperhewahpc.com.np
UMH UNITED MODI HYDROPOWER — UNITED MODI HYDROPOWER LIMITED CORPORATE OFFICE: HERITAGE PLAZA-II 1ST FLOOR, TEL:4169114
ARUN VALLEY HYDROPOWER DEVELOPMENT CO. LTD — Arun Valley Hydropower Development Co. Ltd. 4th Floor Trade Tower, Thapathali Kathmandu, Nepal
JHAYAMOLONGMA HYDRO POWER DEVELOPMENT PVT. LTD. PROJECT: UPPERSETI HYDRO POWER PROJECT KASKI — SIKLESS HYDROPOWER PVT. LTD. KASKI, LEKHNATH BRANCH OFFICE: KUPONDOLE, LALITPUR
नेपाल वायर एण्ड केबल्स प्रा. लि. Nepal Wire & Cables Pvt. Ltd. — Nepal Wire & Cables Pvt. Ltd. Narayangopal Chwok, Maharajgunj Tel: 4372323, 4373315 E-mail: nepalcables2025@gmail.com
SOLU HYDROPOWER LIMITED — SOLU HYDROPOWER LIMITED RAMSHAH PATH, KATHMANDU TEL: 5342317, 5239765 E-mail: infor@solyhydro.com
CEDB HYDROPOWER DEVELOPMENT CO. LTD. BLUESTAR COMPLEX, TRIPURESHWOR TEL: 4101140 E-mail: chf@chf.com.np
SANI BHERI Hydropower Company Pvt. Ltd. — SANI BHERI HYDROPOWER COMPANY PRIVATE LIMITED KUPONDOLE, LALITPUR TEL: 5416666

विपद्मा परी रोल्पामा एक महिनामा २३ को मृत्यु

खेमबहादुर बुढा | *रोल्पा*

- रोल्पामा पहिरो, बाढी र चट्याङका घटनामा साउन महिनामा कम्तीमा २३ जनाको ज्यान गएको छ।
- थबाङ-५ कोटलबारामा पहिरोले बस्ती नै पुरिँदा १३ जनाको मृत्यु।
- लगातार वर्षाका कारण ग्रामीण बस्तीमा पहिरोको जोखिम कायमै।

रोल्पामा पछिल्लो एक महिनायता विभिन्न विपद्जन्य घटनामा परी कम्तीमा २३ जनाको मृत्यु भएको छ। अविरल वर्षापछि आएको पहिरो, खोलामा आएको बाढी तथा चट्याङका कारण साउन महिनामा मात्रै ठूलो मानवीय क्षति भएको हो। एक हप्ताभित्र मात्र १८ जनाको ज्यान गएको छ भने दुई जना घाइते भए।

साउन २ गते परिवर्तन गाउँपालिका-४ पाछाबाङमा पहिरोमा परी ५७ वर्षीय देउप्रसाद घर्तीको मृत्यु भएको थियो। बाटो हिँडिरहेका बेला माथिबाट खसेको पहिरोले उनलाई पुरेको थियो। त्यसपछि साउन ९ गते सुनछहरी गाउँपालिका-१ सेरममा पहिरोमा परी दुई महिलाको मृत्यु भएको थियो। अमिरा घर्ती मगर र असौजी घर्ती मगर गोठालो गएका बेला पहिरोमा परेका थिए।

साउन २१ गते सुनछहरी गाउँपालिका–११ फुलिबन नजिकै बाच्छे खोलाले बगाउँदा ७३ वर्षीय मसान घर्ती मगरको मृत्यु भयो। सामाजिक सुरक्षा भत्ता लिएर घर फर्किने क्रममा खोला तर्ने बेला उनलाई बगाएको थियो। एक वृद्धसमेत घाइते भएका थिए। रोल्पामा सबैभन्दा ठूलो मानवीय क्षति साउन २८ र २९ गतेको पहिरोबाट भएको छ। थबाङ गाउँपालिका-५ कोटलबारामा गएको पहिरोमा १३ जनाको मृत्यु भयो। पहिरोले बस्ती नै पुरेको थियो।

त्यसको भोलिपल्ट सुनछहरी गाउँपालिका-२ फलबाङमा पहिरोले घर पुरिँदा एउटै परिवारका तीन जनाको मृत्यु भयो। ७७ वर्षीय वीरबहादुर घर्ती मगर, ६८ वर्षीया शनि घर्ती मगर र ७० वर्षीया लली घर्ती मगरको मृत्यु भएको प्रहरीले जनाएको छ। सोही क्षेत्रमा अर्का एक जनाको पनि पहिरोमै परेर ज्यान गयो।

यसैबीच, साउन २९ गते लुंग्री गाउँपालिका-१ खदरमा चट्याङ लागेर ५९ वर्षीय वीरबहादुर खत्रीको मृत्यु भयो। घरमै रहेका बेला चट्याङ लागेर गम्भीर घाइते भएका खत्रीको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

पछिल्लो घटनाका रूपमा साउन ३० गते राति लुंग्री गाउँपालिका-५ धैरेनीमा पहिरोले घर पुरिँदा ७२ वर्षीया अम्मी गुरुङको मृत्यु भएको छ। घरमा सुतिरहेको अवस्थामा माथिबाट आएको पहिरोले घर पुरेपछि गुरुङको मृत्यु भएको हो।

पछिल्लो अवधिमा भएको मानवीय क्षतिको ठूलो हिस्सा पहिरोबाट भएको देखिन्छ। पूर्वी रोल्पा विपद्बाट बढी प्रभावित बनेको छ। कम्तीमा २२ जनाको पूर्वी रोल्पाकै नागरिकको ज्यान गएको छ। पहिरोले यहीँ क्षेत्रको बस्ती र घर जोखिममा परेका छन्। पहिरोले गाउँमा त्रासदी फैलिएको छ।

लगातारको वर्षाका कारण जिल्लाका विभिन्न ग्रामीण बस्तीमा पहिरोको जोखिम कायमै रहेकाले जोखिमयुक्त क्षेत्रमा रहेका नागरिकलाई सतर्क रहन, सम्भावित जोखिम देखिए तत्काल सुरक्षित स्थानमा जान स्थानीय प्रशासन आग्रहसमेत गरेको छ।

पूर्वमा सुस्त, पश्चिममा भारी वर्षा

नितु घले | *काठमाडौं*

- सोमबार गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका पहाडी क्षेत्र तथा लुम्बिनी-सुदूरपश्चिमको तराईमा भारी वर्षा हुने सम्भावना।
- मंगलबार कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिमका पहाडी क्षेत्रमा भारी वर्षा हुन सक्ने।

गत शुक्रबार रोल्पाको थवाङ-५ सुलीचौरमा पहिरो जाँदा १० जनाको ज्यान गयो। ३ जना बेपत्ता छन्। २ जना घाइते छन्। उक्त पहिरोबाट १५ जना प्रभावित बनेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ। शनिबार पनि जाजरकोटको भेरी-२ मा पहिरोमा परेकाको खोज तथा उद्धार कार्य भइरहेको प्राधिकरणले जनाएको छ। बझाङमा पनि पहिरोले क्षति पुऱ्याएको प्राधिकरणले जनाएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार यतिबेला देशभर मनसुनी वायुको प्रभाव रहेको छ। मनसुनको न्यून चापीय रेखा पूर्वतर्फ सरदर स्थानको आसपास र पश्चिमतर्फ सरदर स्थानभन्दा नेपालतिरनजिक रहेको छ। न्यूनचापीय रेखा नेपालको नजिक भएको खण्डमा वर्षा धेरै हुने मौसमविद्हरूले बताउँदै आएका छन्। त्यसैले हाल नेपालको पूर्वी भूभागमा भन्दा पश्चिम नेपालमा धेरै वर्षा र विपद्का घटना भइरहेका छन्।

विभागले विशेषगरी पश्चिमी क्षेत्रहरूमा ग्रेगान बहाब, बाढी-पहिरो तथा भूक्षय जस्ता प्रकोपको जोखिम रहेकाले सचेत रहन सुझाएको छ। विभागका अनुसार आउँदो मंगलबारसम्म नै भारी वर्षाको संभावना छ। आइतबार नेपालका पूर्वदेखि पश्चिमसम्मका भूभागमा वर्षा भइरहेको छ। सोमबार गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भूभाग तथा लुम्बिनी र सुदूरपश्चिम प्रदेशको तराईमा समेत भारी वर्षा हुने विभागले जनाएको छ। त्यस्तै, मंगलबार कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको पहाडी भूभागका केही स्थानमा भारी वर्षा हुने जनाएको छ।

त्रिभुवन विश्वविद्यालय जल तथा मौसम विज्ञान केन्द्रीय विभागका सहप्राध्यापक विनोद पोखरेलले मनसुन विस्तारै पूर्वमा सुस्त देखिए पनि पश्चिम नेपालमा सक्रिय रहेको बताए। 'सात दिनमा पर्ने पानी एकै दिनमा परेको छ,' पोखरेलले भने, 'तर पहिला जस्तो लगातार ६-७ घण्टा पानी पर्दैन। छोटो समयमा भारी वर्षाको संभावना भने यथावत् छ।'

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् डेभिड ढकालले पनि आगामी केही दिन पश्चिममा अलि बढी वर्षा हुने बताए। पूर्वका केही स्थानमा वर्षा हुने देखिएको उनले बताए।

यस वर्ष विभागले सरदरभन्दा कम वर्षा हुने प्रक्षेपण गरेको थियो। तर, कुनै पनि समय जुनसुकै स्थानमा अत्यधिक वर्षाले विपद् ल्याउने पनि जनाएको थियो।

विभागको तथ्यांकअनुसार अगस्ट १४ सम्म ७८८.२० मिमि वर्षा भएको छ। उक्त वर्षा ५३.३ प्रतिशत हुन आउँछ। उक्त नम्बर सरदरभन्दा कम नै रहेको ढकालले बताए। उनले भने, 'पानी त परिरहेको छ। तर, जसरी पर्नुपर्ने हो त्यसरी परेको छैन।'

काठमाडौंमा पनि अन्य ठाउँमा जस्तै वर्षा भइरहेको छ। आइतबार बेलुका ५ बजेसम्मको तथ्यांकअनुसार काठमाडौंमा सबैभन्दा धेरै वर्षा बूढानीलकण्ठमा ४६.६ मिमि भएको थियो। त्यसैगरी गोदावरीमा २८.४ मिमि, चाँगुनारायणमा २५ मिमि र बबरमहलमा २०.६ मिमि वर्षा भएको विभागको तथ्यांकले बताउँछ।

गृहमन्त्रीसँग जिल्लावासीको गुनासो- ग्यास र मल पाइएन

शिव उप्रेती | *गोरखा*

- गृहमन्त्री सुधन गुरुङ हरेक महिना गृहजिल्ला गोरखा जाने कार्यक्रमअनुसार मतदाता भेटघाटमा।
- जिल्लावासीले खाना पकाउने ग्यास र मलको चरम अभाव रहेको गुनासो गरे।

हरेक महिना गृहजिल्ला गोरखा आउने कार्यक्रम बनाएका गृहमन्त्री सुधन गुरुङले आफ्नो निर्वाचन क्षेत्र गोरखा-१ का विभिन्न ठाउँमा पुगी मतदातासँग भेटघाट गरेका छन्। शुक्रबार मन्त्रालयको काम सकेर साँझ अबेर आरुघाट आइपुगेका मन्त्री गुरुङ शनिबारदेखि मतदाता भेटघाट कार्यक्रममा सरिक भएका हुन्।

शनिबार भीमसेनथापा गाउँपालिकाका विभिन्न गाउँबस्तीमा पुगी मतदाता भेटघाट गरेका उनीसँगै हिँडेका रास्वपाका जिल्ला नेता ध्रुव अधिकारीले जानकारी दिए। 'भीमसेन थापा गाउँपालिकाको टारीफाँट, तान्द्राङ, सिमलाफेद, अश्राङ, बोर्लाङ, धावाका मतदाताको जनगुनासो सुन्ने र समाधानको प्रयास गर्ने काम गर्नुभयो', अधिकारीले भने, 'आइतबार बिहानै मनकामना दर्शन, पूजाआजापछि सहिद लखनको मनकामना, ताक्लुङ, रागिनासका मतदातासंग भेटघाट गरिरहनुभएको छ। सोमबार गण्डकी गाउँपालिकाको वडा नं. ७ र ८ का मतदातासँग भेटघाट गरी मन्त्रालय फर्कने कार्यक्रम छ।' जिल्लाबासीले गृहमन्त्री गुरुङसँग खाना पकाउने ग्यासको र मलको चरम अभाव भएको तथा कच्ची सडकमा वर्सातका कारण ग्रामीण भेगमा यातायातका कष्ट हुने गरेको गुनासो गरेका थिए।

गृहमन्त्री गुरुङले साथमै हिँडेका जिल्लाका प्रमुख जिल्ला अधिकारी एवं सुरक्षा निकायका प्रमुखहरूलाई सो समस्याहरू यथाशिघ्र समाधानका लागि पहल गरिदिन निर्देशन दिएका छन्। अन्य विविध समस्याहरू पनि सम्बन्धित निकायसँग समन्वय गरी तत्काल समाधानका लागि पहल गर्न गृहमन्त्री गुरुङले निर्देशन दिएको नेता अधिकारीले बताए।

आजदेखि बिक्रेतामार्फत नै ग्यास वितरण गरिने

काठमाडौं (अन्नपूर्ण) : नेपाल आयल निगमले एलपी ग्यासको बिक्री वितरणलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन ग्यास उद्योग तथा बिक्रेतालाई विभिन्न निर्देशन दिएको छ। निगमले २०८३ भदौ १ गते सोमबारदेखि सम्बन्धित ग्यास उद्योगले नियुक्त गरेका बिक्रेतामार्फत नियमित प्रक्रियाअनुसार ग्यास बिक्री वितरणको व्यवस्था मिलाइएको जनाएको छ। उपभोक्ताले आफूलाई पायक पर्ने ग्यास बिक्रेतासँग सम्पर्क गरी ग्यास खरिद गर्न निगमले आग्रह गरेको छ।

निगमका अनुसार ग्यास उद्योगहरूले दैनिक बिक्री गर्ने बिक्रेता तथा वितरकको नाम, ठेगाना, सम्पर्क नम्बर र सिलिन्डर संख्यासहितको विवरण प्रत्येक दिन बिहान ९ बजेसम्म निगममा उपलब्ध गराउनुपर्नेछ।

त्यस्तै, ग्यास विक्रेता तथा वितरकले बिक्री गरेको ग्यासको परिमाण, उपभोक्ताको नाम र सम्पर्क नम्बरसहितको विवरण दैनिक रूपमा तयार गरी सम्बन्धित उद्योगलाई उपलब्ध गराउनुपर्ने र उद्योगले उक्त विवरण सोही दिन नेपाल आयल निगमलाई बुझाउनुपर्ने व्यवस्था गरिएको छ।

निगमले ग्यास वितरण गर्दा अत्यावश्यक भएका घरायसी प्रयोजनका उपभोक्तालाई उच्च प्राथमिकतामा राखेर बिक्री वितरण गर्न पनि निर्देशन दिएको छ।

ग्यासको ढुवानी तथा वितरणका क्रममा सुरक्षा व्यवस्थालाई सहज बनाउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा गृह मन्त्रालयमार्फत अनुरोध गरिएको निगमले जनाएको छ। साथै, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागसँग समन्वय गरी निगमबाट खटिएका जनशक्तिसहितको संयुक्त टोलीबाट ग्यास वितरण कार्यको अनुगमन गर्ने व्यवस्था मिलाइएको छ।

एन्टाल्या...

जलवायु विज्ञ सानोत अधिकारीका अनुसार नेपालले आगामी कोपमा पर्वतीय मुद्दासँगै जलवायु वित्त र अनुकूलनलाई प्राथमिकतामा राख्नुपर्छ।

'नेपालजस्ता अल्पविकसित देशलाई जलवायु वित्तको आवश्यकता छ। नेपालले अहिलेसम्म प्राप्त गरेको जलवायु वित्त तुलनात्मक रूपमा पर्याप्त छैन,' उनले भने। उनका अनुसार विकसित मुलुकलाई जलवायु परिवर्तनको असर कम गर्न आफ्नो जिम्मेवारी पूरा गर्न बाध्य पार्ने गरी नेपालले समान समस्या भोगिरहेका विकासोन्मुख तथा अल्पविकसित मुलुकसँग सहकार्य गर्नुपर्छ। 'विकसित देशलाई कसरी जिम्मेवार बनाउन सकिन्छ भन्ने विषयमा नेपालजस्ता अन्य विकासोन्मुख देशसँग एकजुट भएर अघि बढ्नुपर्छ,' उनले भने।

कार्बन उत्सर्जनमा न्यून, जोखिममा उच्च

विश्वका ठूला अर्थतन्त्रले ठूलो मात्रामा हरितगृह ग्यास उत्सर्जन गरिरहेका छन्। चीन विश्वकै सबैभन्दा ठूलो कार्बन उत्सर्जक मुलुकका रूपमा रहँदा नेपालको योगदान भने अत्यन्त न्यून छ। उपलब्ध तथ्यांकअनुसार विश्वव्यापी कार्बन उत्सर्जनमा नेपालको हिस्सा ०.०२७ प्रतिशत हाराहारीमा रहेको छ। तर, उत्सर्जनमा नेपालको योगदान न्यून भए पनि जलवायु परिवर्तनबाट हुने असर भने गम्भीर छ। हिमाली क्षेत्रमा तापक्रम वृद्धिको असर, हिमनदीको तीव्र पग्लाइ, हिमतालको जोखिम, अनियमित वर्षा तथा बाढी-पहिरोजस्ता घटनाले नेपालको अर्थतन्त्र र जनजीवन प्रभावित हुँदै आएको छ। यही असमानतालाई अन्तर्राष्ट्रिय वार्ताको केन्द्रमा राखेर नेपालले 'जसको उत्सर्जन बढी, उसको जिम्मेवारी बढी' भन्ने अवधारणालाई जलवायु न्यायको विषयसँग जोड्नुपर्ने विज्ञहरूको सुझाव छ। जलवायु परिवर्तनको सबैभन्दा प्रत्यक्ष असर नेपालको कृषि क्षेत्रमा देखिन थालेको छ। समयमा पानी नपर्ने, पानी परे पनि छोटो समयमा अत्यधिक वर्षा हुने, लामो समय खडेरी पर्ने तथा तापक्रममा अस्वाभाविक वृद्धि हुनेजस्ता कारण कृषि उत्पादन प्रभावित हुँदै आएको छ।

उत्पादन घट्नुका साथै नयाँ प्रकृतिका रोग तथा कीराको प्रकोप बढ्दा किसान थप समस्यामा पर्ने गरेका छन्। त्यसैले कोपमा कृषि क्षेत्रलाई जलवायु अनुकूलनसँग जोडेर विशेष कार्यक्रम र वित्तीय स्रोत सुनिश्चित गर्नुपर्ने आवश्यकता छ। नेपालिज युथ फर क्लाइमेट एक्सनका संस्थापक तथा जलवायु विज्ञ मन्जित ढकाल जलवायु बजेटलाई छुट्टै शीर्षकमा छुट्याइएको रकमबाट मात्र मूल्यांकन गर्न नहुने बताउँछन्। 'जलवायु परिवर्तनका लागि मात्र विनियोजन गरिएको बजेट भनेर हेर्नु हुँदैन। जलवायु परिवर्तनले कृषिमा पारेको असर सम्बोधन गर्न हामीले के काम गरेका छौं, कृषिलाई जलवायुमैत्री बनाउन के गरेका छौं र विद्युतीय यातायात प्रवर्द्धनमा कति काम भएको छ भन्ने पनि हेर्नुपर्छ,' उनले भने।

उनका अनुसार पूर्वसूचना प्रणाली, अतिवृष्टि, हिमताल विस्फोटलगायत जोखिम व्यवस्थापनमा कति बजेट विनियोजन भएको छ भन्ने विषय पनि महत्त्वपूर्ण हुन्छ। जलवायु परिवर्तनका नाममा छुट्याइएको बजेट मात्र हेरेर सरकारको तयारी मूल्यांकन गर्न नसकिने उनको भनाइ छ।

बजेटमै कमजोर प्राथमिकता

सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमा कृषि, वन तथा वातावरण मन्त्रालयका लागि ७३ अर्ब १२ करोड रुपैयाँ विनियोजन गरेको छ। वन, वातावरण तथा जलवायु अनुकूलनका लागि १२ अर्ब ३१ करोड रुपैयाँ छुट्याइएको छ। गत वर्ष यस्तो बजेट १८ अर्ब ६१ करोड रुपैयाँ रहेकोमा यस वर्ष उल्लेख्य कमी आएको देखिन्छ। जलवायु परिवर्तनको असर तीव्र रूपमा बढिरहेका बेला जलवायु अनुकूलन र विपद् व्यवस्थापनका लागि बजेट घट्नुले सरकारको प्राथमिकतामाथि प्रश्न उठाएको छ।

विज्ञहरू भने जलवायु परिवर्तनलाई वातावरण मन्त्रालयको मात्र विषयका रूपमा हेर्न नहुने बताउँछन्। कृषि, ऊर्जा, यातायात, पूर्वाधार, खानेपानी, स्वास्थ्य र विपद् व्यवस्थापनलगायत सबै क्षेत्रको योजना र बजेटमा जलवायु जोखिमलाई समेट्नुपर्ने उनीहरूको भनाइ छ।

सरकारको तयारी के छ ?

कृषि, वन तथा वातावरण मन्त्रालयका प्रवक्ता महेश्वर ढकालका अनुसार आगामी कोपमा हिमालको मुद्दालाई विशेष प्राथमिकता दिइएको छ। कोप-३१ का लागि नेपालको औपचारिक प्रतिनिधिमण्डल भने अझै टुंगो नलागेको उनले बताए। 'हिमालको एजेन्डालाई हामीले प्राथमिकता र प्रमुख एजेन्डाका रूपमा लिएका छौं,' उनले भने।

नेपालले विगतमा विकसित मुलुकसँग सहकार्य गर्दै सगरमाथा संवादसमेत गरिसकेको उल्लेख गर्दै उनले हिमाल, वन, वन्यजन्तु, वनस्पति तथा जैविक विविधता संरक्षणमा नेपालको भूमिका महत्त्वपूर्ण रहेको बताए। जलवायु परिवर्तनको असर न्यूनीकरण र त्यसबाट जोगिन नयाँ प्रविधिको विकास तथा प्रयोगमा समेत नेपालले पहल गर्नुपर्ने उनको भनाइ छ।

'विश्वव्यापी रूपमा गरिएका निर्णयलाई जस्ताको त्यस्तै कार्यान्वयन गर्न नसकिने अवस्था हुन सक्छ। तर, ती निर्णयलाई नेपालको सन्दर्भअनुसार कसरी परिमार्जन र कार्यान्वयन गर्न सकिन्छ भन्ने विषय बढी महत्त्वपूर्ण हुन्छ,' ढकालले भने।

नेपालले विगतका कोप सम्मेलनमा जलवायुजन्य क्षति तथा नोक्सानी, अनुकूलन, न्यूनीकरण, कार्बन वित्त र पेरिस सम्झौताको धारा ६ लगायतका विषय उठाउँदै आएको छ। पछिल्लो कोपमा पनि यिनै विषय नेपालका प्रमुख एजेन्डा थिए। हरेक वर्ष उस्तै प्रकृतिका मुद्दा उठाइनुले नेपालको कूटनीतिक निरन्तरता देखाए पनि त्यसबाट प्राप्त उपलब्धि भने अपेक्षाकृत कमजोर रहेको आलोचना हुँदै आएको छ। अबको चुनौती सम्मेलनमा नेपालको समस्या सुनाउनु मात्र होइन, ती समस्याको समाधानका लागि आवश्यक वित्तीय तथा प्राविधिक सहयोग सुनिश्चित गर्नु हो। नेपालले आगामी कोपमा हिमालको संरक्षणलाई विश्वव्यापी प्राथमिकताको विषय बनाउनुपर्नेछ। त्यससँगै जलवायु वित्तमा सहज पहुँच, अनुकूलनका लागि पर्याप्त स्रोत, क्षति तथा नोक्सानीको सम्बोधन, पूर्वसूचना प्रणालीको विस्तार र जलवायुमैत्री कृषि तथा पूर्वाधार विकासका लागि अन्तर्राष्ट्रिय सहयोग सुनिश्चित गर्नुपर्नेछ।

बाढी-पहिरो, अतिवृष्टि, हिमपहिरो, हिमताल विस्फोट र खडेरीलगायत विपद्को जोखिम बढिरहेको अवस्थामा नेपालका लागि जलवायु परिवर्तन अब वातावरणको मात्र मुद्दा रहेन। यो अर्थतन्त्र, खाद्य सुरक्षा, पूर्वाधार र जनजीविकासँग प्रत्यक्ष जोडिएको राष्ट्रिय सवाल बनिसकेको छ।

एन्टाल्यामा हुने कोप-३१ नेपालका लागि अर्को अन्तर्राष्ट्रिय सम्मेलन मात्र नभई कम उत्सर्जन गर्ने तर उच्च जोखिममा रहेका मुलुकले जलवायु न्यायको दाबीलाई ठोस वित्तीय र नीतिगत उपलब्धिमा बदल्ने अवसर बन्नुपर्ने विज्ञहरू भनाइ छ।

अन्तर्राष्ट्रिय...

तर, व्यवस्थापनले भने त्यसलाई अस्वीकार गरेको छ। अन्य कर्मचारीसरह समान स'विधा माग गर्दै सर्वोच्च अदालतमा दायर भएको बेग्लै रिट निवदेन खारेज भएको कारण देखाउँदै उनीहरूलाई जिम्मेवारी म'क्त गर्न लागिएको हो। श्रम अदालत र सर्वोच्चको मुद्दाको प्रकृति नै फरक भएको, सर्वोच्चको निर्णयको पूर्णपाठ नै नआई आफूहरूलाई गलत तरिकाले हटाउन खोजिएको भन्दै एयर होस्टेसहरूले सांकेतिक विरोध थालेका हुन्। आइतबार दोहा-काठमाडौं, काठमाडौं-दिल्ली र काठमाडौं-गोन्जाओका उडानहरूमा उनीहरूले सांकेतिक विरोध गरे।

करारमै भए पनि निगमका अन्य सेवा र क्याबिन क्रुको अवकाशको उमेरहद धेरै फरक रहेकाले बाध्य भएर सांकेतिक विरोध थालेको एक विमान परिचारिकाले अन्नपूर्णलाई बताइन्। 'एउटा विमान परिचारिका सेवाका लागि योग्य बन्न करिब डेढ वर्ष विभिन्न तालिममै लाग्छ। दक्षलाई हटाएर नयाँलाई ल्याउँदा निगमलाई घाटा हो,' उनले भनिन्, 'पहिले जस्तो प्रवृत्ति र सोचाइ राखेर निगमलाई सधैं घाटामा लैजानु हुन्न भन्ने हाम्रो उद्देश्य हो। हामी निगम व्यवस्थापन र व्यवस्थापनमार्फत सरकारले बुझ्नुपर्छ। बीचैमा सेवाबाट नहटाइयोस् भनेर सांकेतिक विरोध गरेका हौं।'

अर्की विमान परिचारिकाले छिमेकी भारतमा ५८, श्रीलंकमा ६२ वर्षसम्म उमेर हद रहेको तर, आफूहरूलाई भने सधैंभरि निगमले छलछाम गर्दै आएकोमा रोष प्रकट गरिन्। 'जुन वदनियतका साथ हामीसँगै काम गरिरहेका साथीहरूको मनोबल गिराउने, सकेसम्म हाजिरी नै नगराउने प्रयास भइरहेको छ। यस्तो विवादास्पद उमेर हद प्रयोग गरेर कामबाट बर्खास्त गरियो भने हामी एकदमै दु:खी हुन्छौं, उनले भनिन्, 'हाम्रा जायज अडानलाई सरकारले सुन्नेछ भन्नेमा हामी ढुक्क छौं।'

सर्वोच्चले फरक मागदाबी भएको रिट गत साता खारेज गरेपनि त्यसमा श्रम अदालतले गरेको पुनबर्हालीबारे केही पनि नबोलेको दावी उनको थियो। क्याबिन क्रुहरूले २ वर्ष अघि यस्तै प्रकृतिको माग गर्दै विरोध गर्दा तत्कालीन सरकारका पर्यटनमन्त्री बद्री पाण्डेले ३ दिनभित्र मागको सुनुवाइ हुने लिखित प्रतिबद्धता गरेका थिए। 'अहिले फेरि उही समस्या दोहोरिएको छ। हामी नयाँ सरकारले भने हाम्रा वास्तविकता र समस्या सुन्नेछ भन्नेमा आशावादी छौं, ती विमान परिचारिकाले भनिन्। यसअघि निगमभित्रै सवारीचालकहरूले उमेरहदके भेदभावविरुद्ध दायर गरेको रिट निवेदन पनि सर्वोच्चले खारेज गरेको थियो। तर, निगम व्यवस्थापनले सवारी चालक मात्र होइन, अन्य सेवाका कर्मचारीलाई ५८ वर्ष कायम गरेको छ। पाइलटको हकमा भने ६५ वर्ष तोकेको छ।

४५ को उमेर हद पनि धेरै भयो : कार्यकारी अध्यक्ष

यसैबीच, निगमका कार्यकारी अध्यक्ष महेश्वरभक्त श्रेष्ठले भने क्याबिन क्रुलाई अहिले दिइएको ४५ वर्षको उमेर हद नै बढी भएको प्रतिक्रिया दिएका छन्। 'एयर होस्टेस राख्ने भनेको ४० वर्षसम्मका युवा, युवती हो। उनीहरूको कामको प्रवृत्ति नै फरक हुन्छ। सेवा फरक हो। जुन प्रवृत्तिको सेवा हुन्छ, सोहीअनुसारको उमेर हद हुन्छ, क्याबिन क्रुका मागबारे राखिएको जिज्ञासामा अध्यक्ष श्रेष्ठले अन्नपूर्णसँग भने। उनले आफू ७८ वर्ष उमेर भए पनि व्यवस्थापनको नेतृत्व गर्ने सेवा भएकाले बढी उमेर हुँदा पनि उपर्युक्त लागेर सरकारले राखेको बताए। 'क्याबिन क्रुलाई त ४५ वर्ष नी धेरै भयो। पाइलटको सेवा बेग्लै हुन्छ। अरु कर्मचारीको कामको प्रकृति फरक हुन्छ। एकै उमेर हद भनेर हुन्छ र ?, उनले भने।

हार्दिक श्रद्धाञ्जली

जन्म: २००६/१२/२८
स्वर्गारोहण: २०८३/०८/२०

स्व. बालकुमारी पराजुली

अन्नपूर्ण मिडिया नेटवर्कको प्रेस शाखामा कार्यरत प्रेम प्रसाद पराजुलीका ममतामयी माता बालकुमारी पराजुलीको ७७ वर्षको उमेरमा स्वर्गारोहण भएको आज १३ औ दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दु:खद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दछौं ।

ANNAPURNA MEDIA NETWORK

अन्नपूर्ण मिडिया नेटवर्क, परिवार

सुनचाँदीको भाउ



छापावाल सुन : ३,०५,२००
चाँदी : ४७१०

(प्रतितोला रुपैयाँमा)

विदेशी विनिमय दर

मुद्रा	एकाइ	खरिद	बिक्री
अमेरिकी डलर	१	१५२.३९	१५२.९९
युरो	१	१७६.०६	१७६.७५
पाउन्ड स्टर्लिङ	१	२०६.११	२०६.९२
भारतीय रुपैयाँ	१००	१६०	१६०.१५

नाइमा एक्स्पो

१ लाख ८० हजारले गरे अवलोकन, उत्साहजनक सवारी बुकिङ

- अघिल्लो वर्षभन्दा १० प्रतिशत बढीले गरे अवलोकन
- साना र दुईपाङ्ग्रे सवारीमा दर्शकको घुइँचो

भवनाथ प्याकुरेल | *काठमाडौं*

नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा)ले आयोजना गरेको नाइमा नेपाल मोबिलिटी एक्स्पो, २०२६ मा १ लाख ८० हजारभन्दा बढी अवलोकनकर्ताको सहभागितासहित सम्पन्न भएको छ।

साउन २६ गते उद्घाटन भएको एक्स्पोको अन्तिम दिन मात्रै ३० हजारभन्दा बढीले अवलोकन गरेको आयोजकले जनाएको छ। नाइमाका अनुसार उद्घाटनको दिन २९ हजार, दोस्रो दिन २६ हजार, तेस्रो दिन २२ हजार, चौथो दिन ३१ हजार र पाँचौँ दिन ४२ हजारभन्दा बढीले एक्स्पो अवलोकन गरे। आयोजकले ६ दिनमा डेढ लाख अवलोकनकर्ता आउने अपेक्षा गरेकोमा त्यसलाई समेत उछिन्दै १ लाख ८० हजारभन्दा बढी पुगेका हुन्।

कार्यकारी निर्देशक राजकुमार दुलाललले सवारी बुक गर्ने, घुम्ने जानकारी लिनको संख्या अघिल्लो वर्षको तुलनामा १० प्रतिशतले बढेको जानकारी दिए। नाइमा आयोजनाको खर्च र बिकेको टिकट संख्याको पूरा हिसाब भने आइनसकेको निर्देशक दुलाललले बताए।

साना सवारीप्रति दर्शकको भिड लागेको आयोजकले जनाएको छ। समापन समारोहमा नाइमा अध्यक्ष रीतुसिंह वैद्यले ५५ भन्दा बढी ब्रान्डको सहभागिता, ५३ नयाँ उत्पादनको सार्वजनिक र ठूलो संख्यामा अवलोकनकर्ताको उपस्थितिलाई एक्स्पोको प्रमुख उपलब्धि बताइन्।

उनले एक्स्पो कुनै एक संस्था वा व्यक्तिको मात्र सफलता नभई नेपालको समग्र मोबिलिटी उद्योगको सामूहिक उपलब्धि भएको बताइन्। उनका अनुसार एक्स्पोलाई नयाँ सवारीसाधन तथा प्रविधि प्रदर्शन गर्ने थलोमा सीमित नराखी ज्ञान, सीप र प्रविधिबारे छलफल गर्ने प्लेटफर्मका रूपमा विकास गर्ने प्रयास गरिएको थियो। 'यो अन्त्य होइन, सुरुवात हो,' उनले भनिन्, 'आगामी दिनमा अझ ठूलो, राम्रो र बलियो भएर अघि बढ्ने हाम्रो लक्ष्य छ।'

नाइमाका बोर्ड सदस्य क्याबिनेट श्रेष्ठले ठूलो संख्यामा अवलोकनकर्ताको सहभागिता अटोमोबाइल उद्योगका लागि सकारात्मक संकेत भएको बताए। अटो सो प्लानिङ कमिटीका अध्यक्ष गौरव शारडाले अपेक्षाभन्दा धेरै अवलोकनकर्ता आएको र इन्क्वायरी तथा बुकिङसमेत उत्साहजनक रहेको बताए।

त्यस्तै, नाइमाको स्ट्राटेजी एन्ड मेम्बरसिप अफेयर्स कमिटीका अध्यक्ष आकाश गोल्छाले एक्स्पोलाई 'सुपरहिट' भएको टिप्पणी गरे। कार्यकारी निर्देशक दुलाललले प्रदर्शनीसँगै सिकाइ सत्र, सहकार्य र मागकेन्द्रित व्यवस्थापनमा जोड दिइएको बताए। उनका अनुसार अवलोकनकर्ताको सन्तुष्टि नै एक्स्पो सफलताको मुख्य मापक हो।

नाइमाको उद्देश्य

नाइमाको मेला व्यापारिक प्रदर्शनीसँगै सवारीसाधनमा नयाँ प्रविधि देखाउने, उपभोक्तालाई सचेत बनाउने, उद्योग-सरकार-सरोकारवालाबीच संवाद बढाउने र नेपालको मोबिलिटी क्षेत्रको भविष्यबारे बहस गर्ने साझा मञ्च बनाउने उद्देश्यले आयोजना गरिएको आयोजकले जनाएको छ। यसका साथै आफ्ना ग्राहकलाई विद्युतीय, हाइब्रिडलगायत नयाँ तथा वातावरणमैत्री सवारी प्रविधि र समाधानबारे जानकारी तथा पहुँच बढाउनु पनि रहेको छ। नयाँ सवारीसाधन, प्रविधि र नवप्रवर्तनलाई एउटै प्लेटफर्ममा प्रदर्शन गर्ने, नयाँ उत्पादन/मोडल सार्वजनिक गर्ने, निर्माता, आयातकर्ता, डिलर, उपभोक्ता, वित्तीय संस्था, प्रविधि कम्पनी र अन्य सरोकारवालाबीच प्रत्यक्ष सम्पर्क र सहकार्य बढाउने पनि उद्देश्य रहेको निर्देशक दुलाललले जानकारी दिए। नेपालको अटोमोटिभ उद्योगको भविष्यलाई गति दिने र उद्योगभित्र तथा सरोकारवालाबीच सहकार्यको वातावरण बनाउने, सडक सुरक्षा, सीप विकास, रोजगारी, पूर्वाधार, नयाँ प्रविधि र मोबिलिटीको भविष्यबारे विशेषज्ञसहितका छलफल तथा लर्निङ सेसन सञ्चालन गर्ने पनि यसको उद्देश्य हो।

त्यसैगरी, अटोमोबाइल तथा मोबिलिटी क्षेत्रका समस्या र सम्भावनालाई सरकार तथा सम्बन्धित निकायसम्म पुऱ्याउँदै नीतिगत सहकार्य र वकालत गर्ने, मोबिलिटीलाई आधुनिक, सुरक्षित, दिगो र सबैका लागि पहुँचयोग्य बनाउने साझा प्लेटफर्मका रूपमा एक्स्पोलाई विकास गर्नुलगायत रहेको छ।

एक्स्पोको अन्तिम दिन 'इम्पोर्टिङ ट्यालेन्ट, एक्स्पोर्टिङ वर्कर्स : ब्रिजिङ नेपालको एजुकेसन, स्किल्स एन्ड इन्टरप्रेन्योरसिप ग्याप' विषयमा नाइमा मोबिलिटी संवाद आयोजना गरिएको थियो। संवादमा प्रतिनिधिसभा सदस्य विदुषी राणा, नाइमाका बोर्ड सदस्य तथा पद्मज्योति ग्रुपका अध्यक्ष सौरभ ज्योति, पद्मकन्या क्याम्पसकी सहायक प्राध्यापक भगवती सेडाई र थापाथली इन्जिनियरिङ क्याम्पसका सहायक प्राध्यापक लोचनकेन्द्र देवकोटा सहभागी थिए।

एक्स्पो अवधिभर मोबिलिटी उद्योगसँग सम्बन्धित विभिन्न विषयमा छलफल तथा अन्तर्क्रिया पनि गरियो। 'एआई एन्ड अटोमोटिभ टेक्नोलोजी : ड्राइभिङ द फ्युचर अफ मोबिलिटी', 'ब्याट्री रिसाइकल एन्ड इथानोल ब्लेन्डिङ इन फ्युल', 'मोबिलाइजिङ मोबिलिटी थ्रु फाइनान्स एन्ड इन्स्योरेन्स', 'मोबिलिटी : हिजो, आज र भोलि' तथा 'इन्भेस्टमेन्ट एन्ड फरेन डाइरेक्ट इन्भेस्टमेन्ट : मोबिलाइजिङ फ्युल फर इकोनोमिक ग्रोथ'लगायत विषयमा विज्ञ तथा सरोकारवालाबीच छलफल भएको थियो।

नेपालमा दिगो, हरित र प्रविधिमैत्री यातायात प्रणालीको प्रवर्द्धन गर्ने उद्देश्यले एक्स्पोको दोस्रो संस्करण आयोजना गरिएको नाइमाले जनाएको छ। एक्स्पोमा स्वदेशी तथा बहुराष्ट्रिय सवारीसाधन निर्माता र आयातकर्ताका ५५ भन्दा बढी ब्रान्ड सहभागी थिए भने ५३ नयाँ उत्पादन सार्वजनिक गरिएको थियो। नाइमाले ठूलो सहभागिताले नेपालको मोबिलिटी बजारप्रति उपभोक्ता, व्यवसायी र लगानीकर्ताको चासो बढिरहेको देखाएको जनाएको छ।

विद्युत् विधेयक नयाँ ल्याउन ऊर्जा उत्पादकको माग

अन्नपूर्ण | *काठमाडौं*

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले निजी क्षेत्रलाई ऊर्जा क्षेत्रको पूर्ण साझेदार बनाउने गरी नयाँ विद्युत् विधेयक निर्माण गर्नुपर्ने मागसहित ऊर्जा क्षेत्रको विकास, विस्तार र लगानीमैत्री वातावरण निर्माणका लागि तत्काल गर्नुपर्ने नीतिगत तथा कानुनी सुधारबारे जानकारी गराएको छ।

इप्पानका अध्यक्ष मोहनकुमार डाँगीको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई भेटेर उक्त जानकारी गराएको हो। इप्पानले वर्तमान विद्युत् ऐन, २०४९ निजी क्षेत्रको सहभागिता प्रारम्भिक चरणमा रहेको समयमा निर्माण भएको र विगत तीन दशकमा नेपालको ऊर्जा क्षेत्रको स्वरूप, लगानीको परिमाण, प्रविधि, क्षेत्रीय विद्युत् व्यापार तथा निजी क्षेत्रको क्षमता उल्लेखनीय रूपमा परिवर्तन भइसकेकाले अब पुरानो कानुनी संरचनाले ऊर्जा क्षेत्रका वर्तमान तथा भविष्यका आवश्यकता सम्बोधन गर्न नसक्ने बताएको छ।

निजी क्षेत्रलाई उत्पादनमा मात्र सीमित नराखी प्रसारण, वितरण, विद्युत् व्यापार, ऊर्जा भण्डारण, हरित हाइड्रोजन, कार्बन व्यापार तथा नवीन प्रविधिमा समेत समान अवसर प्रदान गर्ने, लगानीकर्ताको अधिकार सुरक्षित गर्ने, नियामकीय स्पष्टता कायम गर्ने तथा अन्तर्राष्ट्रियस्तरको लगानीमैत्री वातावरण सुनिश्चित गर्ने गरी नयाँ विद्युत् विधेयक निर्माण गर्नुपर्ने माग इप्पानले गरेको छ। यस्तो कानुनी सुधारले सरकारले अघि सारेको ३० हजार मेगावाट विद्युत् उत्पादनको राष्ट्रिय लक्ष्य हासिल गर्न बलियो आधार तयार गर्ने इप्पानको भनाइ छ।

इप्पानले लामो समयदेखि रोकिएको करिब १७ हजार मेगावाट क्षमताका आयोजनाको विद्युत् खरिद सम्झौता (पीपीए) तत्काल खुलाउनुपर्ने माग पनि राखेको छ। अध्ययन सम्पन्न गरी लगानीका लागि तयारी अवस्थामा रहेका हजारौं मेगावाटका आयोजनाको पीपीए रोकिँदा अर्बौं रुपैयाँबराबरको निजी लगानी निष्क्रिय भएको, बैंकिङ प्रणालीमा लगानीको चक्र अवरुद्ध भएको र विद्युत् उत्पादन विस्तारको गति प्रभावित भएको भन्दै इप्पानले पीपीए प्रक्रिया पारदर्शी, पूर्वानुमानयोग्य र समयबद्ध बनाउन आग्रह गरेको छ। सरकारले १० वर्षभित्र ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको अवस्थामा नयाँ आयोजना अघि बढाउन समयमै पीपीए हुनु पहिलो आवश्यकता रहेको इप्पानको भनाइ छ।

उत्पादन क्षमताको तुलनामा प्रसारण पूर्वाधारको विकास अपेक्षित गतिमा हुन नसकेको भन्दै इप्पानले प्रसारण लाइन निर्माणमा पनि निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्नुपर्ने माग गरेको छ। प्रसारण लाइनको अभावमा कतिपय आयोजना निर्माण सम्पन्न भएर पनि पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको र आगामी दशकमा विद्युत् उत्पादन तीव्र रूपमा बढाउने हो भने प्रसारण पूर्वाधार निर्माणलाई सरकारको एकल जिम्मेवारीमा सीमित राख्न नसकिने इप्पानले जनाएको छ। उपयुक्त मोडेलमार्फत निजी क्षेत्रलाई प्रसारण लाइन निर्माणमा सहभागी गराउनुपर्ने उसको माग छ।

इप्पानले विद्युत् व्यापारमा पनि निजी क्षेत्रलाई कानुनी रूपमा सहभागी गराउनुपर्नेमा जोड दिएको छ। नेपालमा विद्युत् उत्पादन बढ्दै जाँदा स्वदेशमा खपत भएर बाँकी रहने विद्युत् निर्यात गर्नुपर्ने अवस्था आउने र ठूलो परिमाणमा उत्पादित विद्युत् नेपाल विद्युत् प्राधिकरणबाट मात्र व्यापार तथा निर्यात गर्न सम्भव नहुने भएकाले निजी क्षेत्रको सहभागिता आवश्यक रहेको इप्पानले जनाएको छ। विद्युत् व्यापारलाई प्रतिस्पर्धी, पारदर्शी र खुला बनाउँदै निजी क्षेत्रलाई विद्युत् आयात, निर्यात तथा अन्तरदेशीय विद्युत् व्यापारमा सहभागी हुने कानुनी व्यवस्था गर्नुपर्ने माग गर्दै इप्पानले यसबाट नेपाललाई दक्षिण एसियाको स्वच्छ ऊर्जाको प्रमुख आपूर्तिकर्ता बनाउने लक्ष्यमा समेत सहयोग पुग्ने बताएको छ।

ऊर्जा पूर्वाधार विकासका क्रममा वन, वातावरण तथा जग्गा व्यवस्थापनसँग सम्बन्धित विद्यमान अवरोधहरूको दीर्घकालीन समाधान गर्नुपर्ने माग पनि इप्पानले राखेको छ। नेपालको ठूलो भूभाग वन, संरक्षित क्षेत्र, उच्च हिमाली क्षेत्र तथा अन्य प्रतिबन्धित क्षेत्रका रूपमा रहेको अवस्थामा विद्युत् उत्पादन तथा पूर्वाधार निर्माणका लागि उपलब्ध भूभाग सीमित हुँदै गएको भन्दै इप्पानले विद्यमान व्यवस्थालाई विकासमैत्री बनाउनुपर्ने जनाएको छ।

नदीको किनाराबाट दायाँ-बायाँ एक किलोमिटर क्षेत्रलाई संरक्षण क्षेत्रबाहिर राखी विद्युत् तथा अन्य पूर्वाधार निर्माण सहज बनाउनुपर्ने प्रस्तावसमेत इप्पानले गरेको छ। जलविद्युत् आयोजनालाई राष्ट्रिय प्राथमिकताका पूर्वाधारका रूपमा मान्यता दिई तिनको शान्ति सुरक्षा र लगानी संरक्षणलाई प्राथमिकतामा राख्नुपर्ने माग पनि इप्पानले गरेको छ।

जलविद्युत् आयोजना निजी कम्पनीका व्यावसायिक परियोजना मात्र नभई राष्ट्रिय ऊर्जा सुरक्षा, रोजगारी सिर्जना, स्थानीय विकास तथा विदेशी मुद्रा आर्जनका महत्त्वपूर्ण आधार भएको भन्दै आयोजना निर्माणका क्रममा हुने अवाञ्छित अवरोध, जबर्जस्ती बन्द, तोडफोड, स्थानीय विवाद तथा असुरक्षाका घटनाको दीर्घकालीन समाधान आवश्यक रहेको इप्पानले जनाएको छ। लगानीकर्ताको सुरक्षा, आयोजनाको कानुनी संरक्षण तथा विवाद समाधानका लागि प्रभावकारी संयन्त्र निर्माण गर्नुपर्ने भन्दै सुरक्षित लगानी वातावरण निर्माण भएमा विद्युत् उत्पादन विस्तारको राष्ट्रिय लक्ष्य हासिल गर्न थप सहज हुने इप्पानको भनाइ छ।

इप्पानका अध्यक्ष डाँगीले स्वतन्त्र पार्टीले चुनावी घोषणापत्रमा उल्लेख गरेको र पार्टी नेतृत्वको सरकारले ल्याएको १० वर्षभित्र ३० हजार मेगावाट उत्पादन गर्ने लक्ष्यलाई पूरा गर्न निजी क्षेत्र तयार रहेको बताए। 'सरकार र पार्टी दुवैले ३० हजार मेगावाट उत्पादन गर्ने लक्ष्य राखेको छ, त्यो लक्ष्य हासिलका लागि निजी क्षेत्र लगानी गर्न तयार छ।' उनले भने, 'यसका लागि तपाईंबाट उपयुक्त नीतिको अपेक्षा गरेका छौं, विधेयकदेखि वनका समस्या समाधान र पीपीएसम्मका काममा हामी साथ चाहान्छौं।'

पार्टी अध्यक्ष लामिछानेले निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि कसैसँग पनि आफ्नो पार्टी र सरकारले सम्झौता नगर्ने बताए। 'निजी क्षेत्रले गर्ने व्यवसायले देशको अर्थतन्त्र र रोजगारीका लागि ठूलो योगदान दिएको छ, यो क्षेत्रलाई असुरक्षित हुने गरी कसैले काम गरेमा यो सरकारले कारबाहीका लागि कुनै कसुर बाँकी राख्दैन', उनले भने, 'निजी क्षेत्रको संरक्षण गरी स्वदेशभित्र लगानी वृद्धि गरी आर्थिक समृद्धि गर्ने यो सरकारको दायित्व हो, यसमा कतै समस्या आएमा समाधान गर्न सधैं तयार छौं।' उनले विद्युत् व्यापार र प्रसारण लाइनमा निजी क्षेत्रको सहभागिता गराउनु आवश्यकता नभई अपरिहार्यता भएको बताए।

धनुषा डिस्टिलरीको सेयर बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल

काठमाडौं (अन्नपूर्ण) : धनुषा डिस्टिलरी लिमिटेडद्वारा सर्वसाधारणमा साधारण सेयर (आईपीओ) जारी गर्ने निर्णय गरेको छ। सेयर निष्कासनको प्रक्रिया अघि बढाउनका लागि बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटललाई नियुक्त गरेको छ। बिक्री प्रबन्धक क्यापिटलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत कवीन्द्रध्वज जोशी र डिस्टिलरीको तर्फबाट अध्यक्ष किसनकुमार धनावतले सम्झौतापत्रमा हस्ताक्षर गरे। कम्पनीले भविष्यमा जारी पुँजीको २० प्रतिशत साधारण सेयर सर्वसाधारणहरूलाई बिक्री गर्न लागिएको हो।

सन् १९९८ मा स्थापना भएको यस कम्पनीले उद्योग विभागबाट उत्पादन तथा बजारीकरणको दर्ता प्रमाणपत्र प्राप्त गरी गुणस्तरीय मदिरा उत्पादन गर्दै आएको छ। कम्पनीको वार्षिक उत्पादन क्षमता ९१ लाख ८० हजार लिटर रहेको छ। हाल कम्पनीले मुख्य रूपमा प्रिमियम ब्रान्डका मुस्ताङ गोल्ड ह्विस्की र मुस्ताङ भोड्का उत्पादन गरी बजारमा बिक्री वितरण गर्दै आएको छ। आगामी दिनमा कम्पनीले थप नयाँ उत्पादनहरू बजारमा ल्याउने तयारी गरेको छ।

साथै, उत्पादनको गुणस्तर कायम राख्दै विविधीकरण र विस्तार गर्ने तथा नेपाली बजारसँगै अन्तर्राष्ट्रिय बजारमा समेत प्रतिस्पर्धा गर्न सक्षम हुने लक्ष्य लिएको छ।

प्रोटनका २ ईभीमा व्यापक आकर्षण

काठमाडौं (अन्नपूर्ण): भृकुटीमण्डपमा आयोजना गरिएको 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' मा प्रोटोनका इलेक्ट्रिक एसयूभीहरूले ग्राहकको व्यापक ध्यान आकर्षित गरेका छन्। एक्स्पोको हल 'बी' स्थित स्टल 'एल-६' मा प्रदर्शनमा राखिएका नयाँ इमास ५ र इमास ७ प्रति अवलोकनकर्ताले विशेष चासो देखाए।

प्रोटोनको स्टलमा गाडी अवलोकन गर्न र यसका विशेषताहरूको बारेमा बुझ्न तथा मूल्य, स्वामित्व र बुकिङका विकल्पहरूबारे थाहा पाउन ग्राहकहरूको उपस्थिति रहको थियो। आधुनिक सहरी जीवनशैलीलाई लक्षित गरी निर्माण गरिएका कम्प्याक्ट इलेक्ट्रिक एसयूभी 'प्रोटोन इमास ५' ले आफ्नो रियर-ह्विल-ड्राइभ प्लेटफर्म, सामान व्यवस्थापनका लागि स्मार्ट स्टोरेज सुविधा, १४.६ इन्चको फुल (एचडी डिस्प्ले युनिट, ३७५ लिटरको बुट स्पेस, बाह्य विद्युतीय उपकरण चलाउन मिल्ने प्रविधि र जी-ट्र्याक्सन कन्ट्रोल सिस्टमका कारण अवलोकनकर्ताको ध्यानाकर्षण गरेको हो।

कम्प्याक्ट बनावट र उपयोगी विशेषताहरूसहित प्रोटोन इमास ५ नेपालका सहरी सडकहरूमा दैनिक प्रयोगका लागि उपयुक्त सवारीसाधन हो। प्रोटोन इमास ५ 'प्राइम' र 'प्रिमियम' गरी दुई भेरियन्टमा उपलब्ध छ।

बीएमसीका विद्यार्थीको क्याम्ब्रिज परीक्षामा उत्कृष्ट नतिजा

काठमाडौं (अन्नपूर्ण) : ब्रिटिस एजुकेसन ग्रुपअन्तर्गतको द ब्रिटिस कलेजको भगिनी संस्था ब्रिटिस मोडल कलेज (बीएमसी) ले क्याम्ब्रिज इन्टरनेसनल एएस र ए लेभलको परीक्षामा उत्कृष्ट नतिजा निकालेको छ।

'मे-जुन एक्जामिनेसन सिरिज-२०२६' मा सहभागी भएका १ सय ६ जनामध्ये ९४ प्रतिशत विद्यार्थी उत्तीर्ण भई उत्कृष्ट नजिता दिएका हुन्।

नतिजाअनुसार सात विद्यार्थीले लगातार ए प्लस र ३३ जनाले लगातार ए ग्रेड हासिल गरेका छन्।

कलेजका अनुसार विद्यार्थीको शैक्षिक प्रतिबद्धता तथा कलेजले प्रदान गर्दै आएको सहयोगी सिकाइ वातावरणलाई प्रतिबिम्बित गरेको छ।

उक्त उपलब्धि विद्यार्थीको महिनौंदेखिको निरन्तर तयारी, शिक्षकको समर्पण तथा अभिभावकहरूको निरन्तर प्रोत्साहन र सहयोगको परिणाम भएको कलेजले जनाएको छ। विद्यार्थीलाई आफ्नो क्षमता पहिचान गर्दै उत्कृष्टता हासिल गर्न प्रेरित गर्ने वातावरण निर्माणमा बीएमसी परिवारको महत्त्वपूर्ण योगदान रहेको पनि कलेजले उल्लेख गरेको छ।

अनरले सार्वजनिक गऱ्यो क्रान्तिकारी रोबोट फोन

काठमाडौं (अन्नपूर्ण) : अनरले बहुप्रतीक्षित अनर रोबोट फोन सार्वजनिक गरेको घोषणा गरेको छ। नयाँ श्रेणी सिर्जना गर्ने यो क्रान्तिकारी डिभाइसले प्रिमियम स्मार्टफोन डिजाइनमै पूर्ण रूपमा मोटराइज्ड थ्रि-एक्सिस् मेकानिकल गिम्बल एकीकृत गर्दै परम्परागत मोबाइल प्रविधिको भौतिक सीमालाई तोडेको छ। यसले एआरआरआई इमेज साइन्स र व्यावसायिक सिनेमाटिक वर्कफ्लोका चयनित तत्त्वहरूलाई संयोजन गर्दै परम्परागत स्मार्टफोनभन्दा अगाडि बढेर सक्रिय भौतिक साथी तथा शक्तिशाली मोबाइल प्रोडक्सन स्टुडियोका रूपमा काम गर्छ। अनर रोबोट फोनमा अनर टिटानियम अल्गी गिम्बलसहित अत्यन्तै कम्प्याक्ट फोर डिओएफ मेकानिकल सिस्टम समावेश गरिएको छ।

अन्नपूर्ण विज्ञापन पाटी

Certificate हरायो

हराएको मिति: २०८३/०३/२५
हराएको स्थान : कोटेश्वरदेखि चावहिलसम्म जाने क्रममा
तपसिल बमोजिम मेरो निम्न व्यहोरा भएको NEB बाट जारी +2 को Academic Certificate यात्राको क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनुहुन अनुरोध गर्दछु।
Name: Amish Dhungana
Regd. No.: 811051090002
Symbol No.: 20513583
Add : Chabahil, Kathmandu
Mob. No. : 9811588584

स्वस्थ जीवनको लागि स्वच्छ पानी
स्वच्छ पानीको लागि
(३०४ ग्रेड)
स्टेन्लेस स्टिल पानी ट्यांकी
माथि चढ्न, भित्र पसेर सफा गर्न र प्लम्बिङ काम गर्न सकिने, आवश्यकता अनुसारको मोटाइ, आकार र क्षमताको उपलब्ध छ।
महर्जन मेटल इण्डष्ट्रीज
फोन: ५३६२००१/५३६२०३२

बर्गीकृत विज्ञापनको लागि 9801047935

रसिला र प्रिन्सलाई उपाधि

अन्नपूर्ण | *काठमाडौं*

विभागीय टोली त्रिभुवन आर्मी क्लबकी रसिला महर्जनले १४औं पुष्पलाल स्मृति राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको महिलातर्फको उपाधि जितेकी छन्। ग्वार्कोस्थित यल स्पोर्टस् एकेडेमीको कभर्डहलमा आइतबार भएको फाइनलमा रसिलाले नेपाल पुलिस क्लबकी शेस्ना श्रीपालीलाई २१-१२, २१-१३ को सोझो सेटमा पराजित गर्दै उपाधि रक्षा गरेकी हुन्। पुलिसकी निता लम्साल र एपीएफकी रिहाना शेरचनले तेस्रो स्थान हात पारे।

यसैगरी पुरुषतर्फ एपीएफका प्रिन्स दाहालले उपाधि जित्न सफल भए। उनले आफ्नै क्लबका क्षितिज खनाललाई २१-१५, २१-७ ले पराजित गरे। प्रिन्सले लिग खेलमा बेहोरेको हारको बदलासमेत लिन सफल भए। पिस फिटनेस क्लबका विष्णु कटुवाल र आर्मीका प्रफुल महर्जन तेस्रो भए। उपाधिसँगै विजेताले नगद ५० हजार रुपैयाँ, उपविजेताले २८ हजार ५ सय र तेस्रो स्थान हासिल गर्ने खेलाडीले १४ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे।

राष्ट्रिय ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगिताको शीर्ष ८ बाहेकको पुरुष एकलतर्फको उपाधि पुलिसका डेभिड थापा मगरले जिते। उनले आफ्नै क्लबका कविर केसीलाई २१-७, २१-१८ ले पराजित गरे। इलामका दिवस शंकर र आर्मीका सुप्रिम पन्त तेस्रो भए। महिलातर्फ कास्कीकी दिलाशा रानाले फिट नेपाल स्पोर्ट्सकी निभा राईलाई २१-१६, २१-१४ ले पराजित गर्दै उपाधि उचालिन्। पुलिसकी श्रेया वज्राचार्य र सुनसरी ब्याडमिन्टन एकेडेमीकी सविज्ञा दाहाल तेस्रो भए। यस विधाका खेलाडीले ३० हजार, उपविजेताले १५ हजार र तेस्रो हुने खेलाडीले सात हजार पाँच सय रुपैयाँ पुरस्कार प्राप्त गरे।

यसैगरी महिला युगलतर्फ आर्मीका अमिता गिरी र रसिला महर्जनको जोडीले उपाधि उचाल्यो। उनीहरूले चितवनकी सुष्मा भुजेल र कास्कीकी दिलाशा रानाको जोडीलाई २१-२३,, २१-१८, २१-१३ ले पराजित गरे। सुर्खेतका निर्भिता शाही र निशा सिंह तथा पुलिसका निता लम्साल र शेस्ना श्रीपालीको जोडी तेस्रो भए। पुरुषतर्फ एपीएफका देवराज राना र प्रिन्स दाहालको जोडीले उपाधि जिते। उनीहरूले आर्मीका विधान अधिकारी र प्रफुल महर्जनको जोडीलाई २२-२०, २१-१७ ले पराजित गरे। एपीएफका क्षितिज खनाल र सुजन थापा तथा बालकुमारी रिमिक्सका सशिन डंगोल र सुमन शाक्यको जोडी तेस्रो भए। महिला/पुरुष युगलतर्फका शीर्ष तीनले ४० हजार, २० हजार र १० हजार नगद पुरस्कार पाए।

सात दिनसम्म सञ्चालन भएको प्रतियोगिताका विजेता खेलाडीलाई नेपाल ओलम्पिक कमिटिका अध्यक्ष जीवनराम श्रेष्ठ, नेपाल ब्याडमिन्टन संघका अध्यक्ष रामजीबहादुर श्रेष्ठ, महासचिव एवं राष्ट्रिय ब्याडमिन्टन संघका अध्यक्ष वीरेन्द्र श्रेष्ठ, सहमहासचिव नविनविक्रम शाहलगायतले पुरस्कार वितरण गरेका थिए।

नेपाल 'ए' टोलीको बिदाइ

अन्नपूर्ण | *काठमाडौं*

अस्ट्रेलियाको नर्थन टेरिटोरीमा आयोजना हुने टप एन्ड टीट्वेन्टी शृंखला खेल्न जाने नेपालको 'ए' टोलीको बिदाइ गरिएको छ। नेपाल क्रिकेट संघ (क्यान) ले आइतबार नेपाली टोलीको बिदाइ गरेको हो। आइतबार आयोजित कार्यक्रममा क्यानका उपाध्यक्ष रोशन सिंहलगायतले नेपाली टोलीलाई बिदाइ गर्दै उत्कृष्ट प्रदर्शनका लागि शुभकामना दिएका थिए। शृंखलाका लागि क्यानले अनिल साहको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको छ। एकदिवसीय टोलीमा स्थान बनाउन नसकेका प्रारम्भिक ब्याटर कुशल भुर्तेल पनि नेपालको 'ए' टोलीको सदस्य छन्। यस्तै लोकेश बम, तृतराज दास, मयन यादव, पवन सर्राफ, दीपक डुम्रे, कुशल मल्ल, रासिद खान, नारायण जोशी, आकाश चन्द, साहब आलम, विपिन खत्री, युवराज खत्री र रिजन ढकाल छन्।

अगस्ट २१ देखि ३० तारिखसम्म सञ्चालन हुने प्रतियोगितामा नेपालले लिग चरणमा ६ खेल खेल्नेछ। नेपालले पहिलो खेलमा अगस्ट २१ मा एनटी स्ट्राइकसँग प्रतिस्पर्धा गर्नेछ। यस्तै दोस्रो खेल अगस्ट २२ मा बंगलादेश हाई-परफर्मेन्स टोलीसँग खेल्नेछ। त्यसपछि अगस्ट २४ मा होबार्ट हुरिकेन्स एकेडेमी, अगस्ट २६ मा एसीटी कोमेट्स, अगस्ट २७ मा किङ्समेन र अगस्ट २९ मा भिक्टोरियासँग प्रतिस्पर्धा गर्ने नेपाल क्रिकेट संघ (क्यान) ले जनाएको छ।

नेपालले गत संस्करणमा पनि सहभागिता जनाएको थियो। त्यसबेला नेपालले ६ खेल खेल्दा दुई खेल जितेको थियो भने चार खेलमा पराजय बेहोरेको थियो।

जुनियर चेस टोली भारत प्रस्थान

अन्नपूर्ण | *काठमाडौं*

अल इन्डिया चेस फेडेरेसन (एआईसीएफ)को आयोजनामा अगस्ट १७ देखि २६ तारिखसम्म सञ्चालन हुने एसियन जुनियर चेस च्याम्पियनसिपमा सहभागी हुन नेपाली चेस टोली भारतको मुम्बईमा प्रस्थान गरेको छ। च्याम्पियनसिपमा जुनियर च्याम्पियन युवा खेलाडी एआईएम अभिक शाह र दानिशा पुरीले प्रतिस्पर्धा गर्ने छन्। उक्त प्रतियोगिताको प्रोटेस्ट तथा अपिल कमिटीमा नेपाल बुद्धिचाल महासंघका अध्यक्ष हेराकाजी महर्जन तथा फिडे आर्बिटर एफए सोराज ताम्राकारले निर्णायकको भूमिका निर्वाह गर्नेछन्। टोलीलाई महासंघका प्रवक्ता राजु ताम्राकारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाइ गरेका थिए।

एसियन जुनियर चेस स्पर्धामा क्लासिकल, च्यापिड तथा ब्लिट्ज् गरी तीन विधामा प्रतिस्पर्धा हुनेछ। जसअन्तर्गत क्लासिकलतर्फ ९ चरण, च्यापिड र ब्लिट्ज्मा समान सात चरणमा खेल हुनेछन्। प्रतियोगितामा ६ राष्ट्रका ६२ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्।

विश्व बुद्धिचाल महासंघको आधिकारिक प्रतियोगिताका विजेताले अन्तर्राष्ट्रिय मास्टरको टाइटलसहित ग्रान्ड मास्टरका लागि नर्म हासिल गर्ने छन्। उपविजेता र तेस्रो हुने खेलाडीले फिडे मास्टर टाइटल तथा अन्तर्राष्ट्रिय मास्टरको नर्म प्राप्त गर्नेछन्।

नेपालका १९४८ रेटेड खेलाडी एआईएम अभिक शाहले आफ्नो तयारी राम्रो रहेको र सुखद नतिजा हासिल गर्दै टाइटल प्राप्त गर्ने अवसरको रुपमा लिएको बताए। प्रतिस्पर्धामा उच्च वरीयता २४७७ रेटेड आईएम पिङ्किन अर्टेम, २४०४ रेटेड आईएम आदित्य धिंग्रा, २३८५ रेटेड एफएम लोमादोभ अमानु मोहम्मदले चुनौती प्रस्तुत गर्नेछन्।

महिलातर्फ दानिशा पुरिले प्रतिस्पर्धालाई अनुभव हासिल गर्नुका साथै अप्रत्याशित नतिजा निकाल्ने लक्ष्य रहेको बताइन्। उनले उच्च वरीयता डब्लुएफएम २२१३ रेटेड स्वारालक्षमी, २२०७ रेटेड डब्लूएफएम सोरादोभा लारा, २१२९ रेटेड डब्लूएफएम प्रतिती वोर्डोलोइको चुनौतीको सामना गर्नेछिन्। एसियन चेस फेडेरेसन तथा फिडेको तत्ववधानमा सञ्चालन हुने प्रतिस्पर्धामा नेपालका तर्फबाट सहभागी निर्णायक फिडे आर्बिटर सोराज ताम्राकारले ग्रेडिङ नर्मसमेत प्राप्त गर्ने अध्यक्ष महर्जनले जानकारी दिए।

'साम्राज्य'मा नाजिरको इन्ट्री

अन्नपूर्ण | *काठमाडौं*

निर्देशक सौरभ चौधरीले नयाँ चलचित्र 'द राइज अफ साम्राज्य'मा भर्सटाइल अभिनेता नाजिर हुसेनलाई अनुबन्ध गरेका छन्। अभिनेता सौगात मल्ल र दयाहाङ राईपछि मुख्य भूमिकामा नाजिरले यो सिनेमामा प्रवेश गरेका हुन्। नाजिरसँग सौरभले यसअघि पनि सहकार्य गरिसकेका छन्। सौगातको 'अगस्त्य'मा नाजिरले काम गरेका थिए।

'नाजिर आफैंमा भर्सटाइल अभिनेता हुन्। हामीले अब्बल कलाकार लिने क्रममा नाजिरसँग पनि यो चलचित्रमा सहकार्य गर्ने भएका छौं', निर्देशक सौरभ भन्छन्, 'सौगात र दयाहाङजस्तै नाजिरलाई पनि यो चलचित्रमा एक मुख्य कलाकारका रूपमा देख्न सकिनेछ।' सौगात, दयाहाङ र नाजिरपछि यस्तै अब्बल कलाकार अझै पनि सिनेमामा जोडिनेक्रम जारी नै रहने सौरभले बताए।

डार्क हर्स इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुन लागेको यो चलचित्र मल्टिस्टार बन्ने यो लाइनअपले देखाइसकेको छ। यो चलचित्रमा उपन्यासकार बुद्धिसागरले कथा र पटकथा लेखेका छन्। यो चलचित्र 'एपिक एक्सन ड्रामा' हुने निर्देशक चौधरीले बताए। सौरभ चौधरी यसपटक पहिलेको तुलनामा अझ ठूलो क्यानभासमा फिल्म बनाउने योजनामा छन्। यो नेपाली सिनेमाकै ठूलो स्केलको एक्सन चलचित्र हुने निर्माण पक्षको दाबी छ। चलचित्रको छायांकन आगामी भदौ पहिलो साताबाट सुरु हुनेछ। निर्माण टिमले ७० दिनको छायांकन तालिका तयार पारेको छ, जसको अधिकांश हिस्सा पूर्वी नेपालमा खिचिनेछ। यो चलचित्रको निर्मातामा प्रवेश चौधरी र निला देव रहेका छन्। को-प्रोडुसरमा विश्वास बस्नेत (बेन) र कार्यकारी निर्मातामा शंकर पाण्डे छन्। मानकृष्ण महर्जनको डीओपी रहने यो चलचित्रको एक्सन डिरेक्टरमा श्री श्रेष्ठ छन्। डिजिटल पार्टनरमा ओएसआर डिजिटल छ भने पब्लिसिटी पार्टनरमा टौवा स्टुडियो छ। यो चलचित्रको वितरण डिसीएनले गर्नेछ।

बंगलादेशको ऐतिहासिक जित

एजेन्सी | *डार्बिन*

बंगलादेशले टेस्ट क्रिकेटमा अस्ट्रेलियाविरुद्ध उसकै घरेलु मैदानमा पहिलो जित निकाल्दै इतिहास रचेको छ। डार्विनमा भएको दुई खेलको टेस्ट शृंखलाको पहिलो खेलमा बंगलादेशले अस्ट्रेलियालाई ९ विकेटले पराजित गर्दै नयाँ इतिहास बनाएको हो। यो जितसँगै बंगलादेशले अस्ट्रेलियाको भूमिमा पहिलो पटक टेस्ट जित्ने ऐतिहासिक उपलब्धि हासिल गरेको छ।

घरेलु टोली अस्ट्रेलियाले दोस्रो पालिमा दुई सय ८४ रन बनाएपछि बंगलादेशले जितका लागि ५७ रनको सामान्य लक्ष्य पाएको थियो। बंगलादेशले सो लक्ष्य १४.२ ओभरमा एक विकेट गुमाएर पूरा गरेको थियो। बंगलादेशका मोमिनुल हकले विजयी चौका प्रहार गर्दा बंगलादेशी खेलाडी तथा समर्थकहरूले खुसी साटासाट गरेका थिए।

यसअघि अस्ट्रेलियाले पहिलो पालिमा एक सय ९८ रन मात्रै बनाउन सकेको थियो। बंगलादेशका तीव्र गतिका बलर हसन महमुदले उत्कृष्ट प्रदर्शन गर्दै ६ विकेट लिएका थिए। जवाफमा बंगलादेशले तान्जिद हसनको सानदार शतकको मद्दतमा चार सय २६ रन बनाउँदै अस्ट्रेलियामाथि दुई सय २८ रनको अग्रता बनाएको थियो। दोस्रो पालिमा भने मेहदी हसन मिराजले अस्ट्रेलियाको ब्याटिङ ध्वस्त पार्न महत्वपूर्ण भूमिका खेलेका थिए। उनले चार विकेट लिएर अस्ट्रेलियालाई ठूलो लक्ष्य बनाउनबाट रोकेका थिए। हसन महमुदले खेलमा कुल नौ विकेट लिए र उनको प्रदर्शन पनि बंगलादेशको ऐतिहासिक जितको प्रमुख आधार बन्न पुगेको थियो।

अस्ट्रेलियाका क्यामरुन ग्रिनले संघर्षपूर्ण शतक प्रहार गर्दै एक सय चार रन बनाए पनि उनको प्रयास टोलीलाई हारबाट जोगाउन पर्याप्त भएन। कप्तान प्याट कमिन्सले खेलपछि बंगलादेशले ब्याटिङ, बलिङ र मैदानमा सबै पक्षमा आफ्नो टोलीलाई पछि पारेको स्वीकार गरेका थिए।

बंगलादेशका लागि यो अस्ट्रेलियाविरुद्धको तेस्रो टेस्ट जित हो। यसअघि बंगलादेशले सन् २०१७ मा ढाकामा अस्ट्रेलियालाई २० रनले हराउँदै पहिलो पटक टेस्ट जितेको थियो। डार्विनको जित बंगलादेशका लागि अस्ट्रेलियाविरुद्धको पहिलो टेस्ट विजय भने होइन, अस्ट्रेलियाकै भूमिमा प्राप्त पहिलो टेस्ट विजय हो। बंगलादेशका कप्तान नजमुल हुसेन शान्तोले यो जितलाई आफ्नो टोलीको अहिलेसम्मकै सबैभन्दा ठूलो उपलब्धिमध्ये एक बताएका छन्।

विश्व टेस्ट च्याम्पियनसिपको शीर्ष टोलीमध्ये रहेको अस्ट्रेलियालाई उसकै भूमिमा पराजित गर्नु बंगलादेशको २६ वर्षे टेस्ट यात्राको सबैभन्दा स्मरणीय जितमध्ये एक बनेको उनले बताए। यो जितसँगै बंगलादेशले दुई खेलको शृंखलामा १-० को अग्रता बनाएको छ। लामो समयपछि अस्ट्रेलियाको भूमिमा टेस्ट खेल्ने अवसर पाएको बंगलादेशले पहिलो खेलमै विश्व क्रिकेटलाई आफ्नो टेस्ट क्षमताको बलियो सन्देश दिएको छ।

नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **क्याप्टेन रामेश्वर थापा**, प्रधान सम्पादक : **बालकृष्ण बस्नेत**